का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ साउन २०८०,
आइतबार
30 July 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १८५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सरकारको नियतमाथि ओलीको प्रश्न

सुन तस्करीको अनुसन्धान जारी रहेका बेला प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष ओलीले सार्वजनिकरुपमै प्रश्न उठाएका हुन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

हङकङबाट ल्याएर अन्तर्राष्ट्रिय विमानस्थल भन्सार पार गरेर सिनामंगल सडकसम्म पुऱ्याइएको करिब एक क्विन्टल सुन बरामद भएको सम्बन्धमा सरकारले अनुसन्धान गरिरहेको छ । राजस्व अनुसन्धान विभागको टोलीले सुन बरामद गरेको हो थियो भने अनुसन्धानमा नेपाल प्रहरी समेत संलग्न भएको छ ।

सुन तस्करीको अनुसन्धान जारी रहेका बेला प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष ओलीले सार्वजनिक रुपमै प्रश्न उठाएका छन् । प्रतिनिधि सभाको बैठकमा यस प्रकरणमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र अर्थमन्त्री प्रकाशशरण महतमाथि नैतिक प्रश्न गर्दै एमालेले सरकारको ध्यानाकर्षण गरिसकेको छ । यस सम्बन्धमा उच्च स्तरीय छानबिन समिति बनाउनुपर्ने अन्यता संसद अवरोध गर्ने एमालेको चेतावनी छ । यही बेला एमाले अध्यक्ष ओलीले तस्करीको अनुसन्धानमाथि सार्वजनिक रुपमै प्रश्न उठाएका हुन् ।

>>> पृष्ठ २ मा



विपक्षीको सजिलो विकल्प

# सशक्त देखिन संसद अवरोध

यो वा त्यो नाममा संसदमा प्रतिपक्षी दलहरुको अवरोध बढेको छ । यसलाई स्वयं प्रतिपक्षी दलहरु बाध्यताका रुपमा अथ्र्याउँछन् भने सत्तारुढ दलहरु सरकारको कुरा नसुन्ने र अवरोध गरिहाल्ने प्रवृत्ति बढेको तर्क गर्छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

४ मंसिर २०७९ मा सम्पन्न आम चुनावपछि प्रतिनिधिसभा दोस्रो अधिवेशनमा चलिरहेको छ । पहिलो अधिवेशनको पहिलो बैठक २०७९ पुस २५ गते बसेको थियो । २०८० साल वैशाख १५ गते अन्तिम बैठक बसी सोही दिन राति १२ बजेदेखि पहिलो अधिवेशन अन्त्य गरिएको उक्त अधिवेशनमा २८ वटा बैठक बसे । तर कुनै दिन संसदमा अवरोध भएन ।

तर, २०८० साल वैशाख २४ गतेबाट सुरु भएको प्रतिनिधिसभाको दोस्रो अधिवेशनमा अवरोध बढेको छ । पछिल्लोपटक साउन १० गतेसम्म आइपुग्दा ४४ वटा बैठक बसिसकेको प्रतिनिधि सभामा बैठक पटक-पटक अवरोध भएको छ ।

पहिलो पटक, २०८० साल वैशाख २७ गते आकस्मिक समयमा बोल्न समय नदिइएको भन्दै प्रतिपक्ष दल राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रतिनिधिसभा बैठक अवरोध गर्‍यो । सभामुखले पूर्व बजेट छलफल चलिरहेकोले आकस्मिक र विशेष समय उपलब्ध नगराइएको तर शून्य समयमा बोल्नको लागि व्यवस्था गरिएको जानकारी गराएपनि राप्रपा सांसदहरुले बैठक सञ्चालन गर्न दिएनन् ।

नाराबाजी नै गर्न थालेपछि सभामुखले बैठक १५ मिनेटको लागि स्थगित गर्नुपरेको थियो । सोही दिन बसेको दोस्रो बैठकमा राप्रपा अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनलाई आकस्मिक समयमा बोल्न समय उपलब्ध गराएपछि उनले नक्कली भूटानी शरणार्थीका सम्बन्धमा प्रहरीले गरिरहेको छानबिनको प्रगतिबारे सदनलाई जानकारी गराउन माग गरेका थिए । त्यसपछि बैठकको प्रक्रिया अगाडि बढ्यो ।

जेठ १२ गतेको प्रतिनिधिसभा बैठकमा पनि अवरोध भयो । जेठ १० गतेको प्रतिनिधि सभा बैठकमा सत्तारुढ दल नेकपा (माओवादी केन्द्र) का सांसद लेखनाथ दाहालले बोल्ने क्रममा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार हुँदा पशुपतिनाथको



संसदमा अवरोधको ग्राफ बढ्नु चिन्ताको विषय हो । संसद्मा जनप्रतिनिधि आफ्ना कुरा सशक्त ढंगले राख्ने र त्यसलाई नीति निर्माणमा राख्न पुगेका हुन् । त्यसका लागि संसदमा अवरोध होइन स्वच्छ बहस आवश्यक छ ।

**राधेश्याम अधिकारी**
**पूर्वसांसद**

जलहरी लाउँदा सुन भनी पित्तल लगाएर भ्रष्टाचार गरेको भन्ने आरोपहरु बिना आधार तथा प्रमाण लगाइएको भन्दै प्रमुख प्रतिपक्ष दल एमालेले अवरोध गरेको थियो ।

यसबारे सरकारले सत्यतथ्य संसदलाई जानकारी गराउनुपर्ने उसको माग थियो । बैठक २० मिनेट पनि १२:४५ मा बस्ने भनिए पनि बस्न सकेन । पुनः दिउँसो ३ बजे बस्ने भनिए पनि बस्न सकेन । बेलुका ६ बजे बस्नेगरी निर्धारण गरिएपनि बस्न सकेन । बैठक बस्न नसकेपछि भोलिपल्ट जेठ १३ गते बस्नेगरी बोलाइयो ।

जेठ १३ गतेको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहालले यसबारेमा जवाफ दिएर सांसद लेखनाथ दाहालको अभिव्यक्ति संसदको रेकर्डबाट हटाएसँगै बैठक सुचारु भयो ।

जेठ २१ गतेको प्रतिनिधिसभा बैठकमा पनि प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) र प्रतिपक्ष दल राष्ट्रिय स्वतन्त्र पार्टीले अवरोध गर्‍यो । प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणको विषय र नागरिकता विधेयक प्रमाणीकरणको विषयलाई लिएर बैठकमा अवरोध भएको थियो ।

एकघण्टा पछि बस्नेगरी स्थगित गरिएको बैठक सो दिन पुनः बस्न नसकेपछि भोलिपल्टका लागि बोलाइएको थियो । जेठ २२ गतेको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहालले नागरिकता विधेयक प्रमाणीकरण र आफ्नो भारत भ्रमणको सम्बन्धमा स्पष्ट पारेसँगै बैठक सुचारु भएको थियो ।

असार १२ गतेको बैठकमा बजेट वक्तव्यमा जिल्ला निर्वाचन कार्यालयहरुलाई जिल्ला प्रशासन कार्यालय मातहत राख्ने विषय आएको र सो विषय खारेज हुनुपर्ने मागसहित एमाले र रास्वपाले बैठक अवरोध गरे ।

१५ मिनेटका लागि बैठक स्थगित नै गर्नुपर्‍यो । दोस्रो बैठकमा अर्थमन्त्री डा.प्रकाशशरण महतले जिल्ला निर्वाचन कार्यालयलाई जिल्ला प्रशासन कार्यालय मातहत नराख्ने भनेसँगै बैठकको काम, कारबाही प्रारम्भ भयो ।

>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसिया सरकारसमक्ष नयाँ कुनै प्रस्ताव पेश भएको छैन : दूतावास

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ साउन

मलेसियास्थित नेपाली दूतावासले नेपाली कामदारको नियुक्ति सम्बन्धमा मलेसिया सरकारसमक्ष नयाँ कुनै प्रस्ताव पेश नगरेको बताएको छ । नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको मलेसिया, सिंगापुर र इन्डोनेशिया भ्रमणका क्रममा मलेसियाका गृहमन्त्री सैफुद्दीन नसूतियन इस्माइलसँग शिष्टाचार भेट भएको थियो । उक्त भेटका क्रममा नेपाली कामदारका विषयमा विशेष प्रस्ताव पेश भएको समाचार सार्वजनिक भएको भन्दै दूतावासले त्यस्तो कुनै प्रस्ताव पेश नभएको बताएको हो ।

दूतावासले पूर्वप्रधानमन्त्री नेपाल र मलेसियाका गृहमन्त्रीबीचको भेटमा मलेसिया जाने तथा मलेसियामा रहेका नेपालीको भिसाको प्रबन्ध, अध्यागमन व्यवस्थापनका विषयमा छलफल भएको स्पष्ट पारेको छ ।

दूतावासले मलेसियामा रोजगारीमा रहेका नेपाली कामदार आकस्मिकरूपमा नेपाल फर्किन परेको अवस्थामा मलेसियाको अध्यागमन विभागबाट लिनुपर्ने बहिर्गमन अनुमति लिन समय लाग्ने भइ तत्कालै नेपाल फर्किन कठिनाइ हुने अवस्थालाई सहज बनाउने, मलेसियामा विभिन्न कारणले अवैज्ञानिकरूपमा बसिरहेका विदेशीहरू आफ्नो मुलुक फर्किनु पर्दा ३ हजार १ सय रिंगेट तिरेर ६ महिनासम्म जेल बस्नुपर्ने विद्यमान कानूनको सन्दर्भमा घर फर्किन चाहने नेपालीलाई सो रकम मिनाहा गरी आममाफी दिएर घर फर्किन सहज बनाउने विषयमा पूर्वप्रधानमन्त्री नेपाल र मलेसियाका गृहमन्त्री इस्माइलबीच छलफल भएको बताएको छ ।

यस्तै उनीहरुबीच मलेसियामा जेल जीवन बिताइ डिटेन्सन केन्द्रहरूमा रहेका नेपालीहरूलाई नियमितरूपमा नेपाल फर्काउन व्यवस्था गर्ने, मलेसिया सरकारले तोकेको कानूनअनुसारको तलब नेपाली कामदारहरूलाई सहजरूपमा उपलब्ध गराउने

>>> पृष्ठ २ मा


## म्यानपावर बिक्रीमा !

चालु अवस्थामा रहेको, कुनै उजुर बाजुर नभएको म्यानपावर कम्पनी व्यक्तिगत कारणले तुरुन्त बिक्री गर्नु परेकोले ईच्छुक व्यक्तिहरुले तुरुन्त सिधै सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८४५०३०२६७

## यूएईमा रोजगारको अवसर

कम्पनी: OIL TECH OIL AND GAS SERVICES LLC
शहर: ABU DHABI

पूर्व स्वीकृत मिति: २०८०/०४/०७ | चलानी नं.: ६०२०५१४३ | LT. No.: 289782

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 115 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Insulation Worker | 70 | 0 | | 1100 | ३९११६ | | | | | | | |

Also we need additional positions will be interview - Scaffolder, Scaffolder Helper, Insulators, Sheet Metal Fitter, Sheet Metal Fabricators, Scaffolding Supervisors(CISRS/DIPLOMA or DEGREE and Scaffolding Inspectors (CISR).

अन्तर्वार्ता Gulf Technical Institute, Itahari, Sunsari मा २०८० साउन १७ र १८ गते (2 & 3 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता Nile International Technical Tranning Center, Sinamangal Kathmandu मा २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता Janapriya Hotel, Pokhara, Kaski मा २०८० साउन २० गते (5 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Phone : 014579390, 4579391/ E-mail : nepalajeets@gmail.com
Itahari Contact No: 9816391855,025581002 / 9851016758.
Kathmandu Contact No:98094940429823463896.
Pokhara Contact No: 9816658385.

## प्रेस विज्ञप्ति

नेपाल र मित्र राष्ट्र मलेसियाको दौत्य सम्बन्ध कायम भइ असल मित्रता स्थापित छ। नेपाली श्रमिकहरुको महत्वपूर्ण रोजगार गन्तव्य मलेसियामा ६ लाखभन्दा बढी नेपाली श्रमिकहरु कार्यरत रहेका छन् । श्रमिकहरुको सुरक्षा, रोजगारी, सेवा सुविधालगायतका विषयमा दुई देशबीच श्रम सम्झौतामार्फत श्रमिकको सुरक्षामा विशेष ध्यान दिएर दुई देशको मित्रताले अझ उचाइ लिएको छ। दौत्य सम्बन्ध र श्रमिकको हकहितमा काम गर्ने मलेसियास्थित नेपाली दूतावास र महामहिम राजदूतज्यूको विषयमा विभिन्न सञ्चारमाध्यममा आएका समाचारप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ । मलेसियास्थित नेपाली दूतावासबाट मागपत्र प्रमाणीकरणमा हुने ढिलासुस्ती र श्रमिकहरु अप्ठ्यारोमा परेको विषयमा महामहिम राजदूतज्यू र राजदूतवासप्रति प्रश्न उठ्नु गम्भीर विषय हो। नेपालमा मलेसियाको कम्पनी खडा गरी अनिवार्य तालिम लिएर मात्रै मलेसिया जान पाउने गरी नेपाली दूतावासले त्यहाँको गृह मन्त्रालयलाई प्रस्ताव गरेको भन्ने विषय गम्भीर र कुटनैतिक मर्यादा विपरीत ठहर्छ। साथै मलेसियामा कामदार पठाउन नेपालका सीमित व्यवसायीहरुबाट मात्रै कामदार लिन त्यहाँको गृह मन्त्रालयलाई लविङ गरेको भन्ने समाचार सञ्चारमाध्यममा आएकाले यस विषयमा प्रष्ट पार्न दूतावाससँग यस संघ माग गर्दछ । जुनसुकै प्रकारका नाममा खडा गरिने एकाधिकारको यस संघले विरोध गर्ने र यस्ताखाले सिन्डिकेटविरुद्ध कडा प्रतिवाद गर्ने यसै विज्ञप्तिबाट जानकारी गराउँदछौं। संघ खुला, पारदर्शी र प्रतिस्पर्धात्मक व्यवसायमा विश्वस गर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजतपत्रवाला सम्पूर्ण व्यवसायीहरुले स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट व्यवसाय गर्न पाउनुपर्ने मान्यता राख्दछ। सीमित व्यक्ति/संस्था र व्यक्तिगत फाइदा लिन एकाधिकार लागू गर्न खोज्ने जोसुकैविरुद्ध कडा प्रतिकार गर्ने र त्यस्ता गैरकानूनी कार्यमा संलग्न व्यक्ति/संस्थालाई कानूनी कारबाही गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघ गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र सम्बन्धित सबै निकायमा जोडदार माग गर्दछ ।

**राजेन्द्र भण्डारी**
**अध्यक्ष**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८ । ९८०१०९७८८२

मध्यान्ह
www.madhyanhadaily.com
१४ साउन २०८०, आइतबार
30 July 2023, Sunday

### थारु समुदायका सबै नेतृत्व एकै मञ्चमा

# अधिकारको लडाइँमा साथ रहने मन्त्री मोदीको प्रतिबद्धता

**ललितपुर/मस-**आदिवासी थारु समुदायका सबै राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, न्यायाधीश, कानून व्यवसायी लगायतका नेतृत्व एकै मञ्चमा देखिएका छन् ।

शनिबार ललितपुरमा आदिवासी थारु, कानून न्याय तथा मानव अधिकार समाजले आयोजना गरेको साधारणसभामा आदिवासी थारु समुदायका सबै नेतृत्व एकै मञ्चमा देखिएका हुन् ।

साधारणसभाको अवसरमा समाजले संवैधानिक समावेशिता, सर्वोच्च अदालतको फैसला कार्यान्वयनमा सरोकारवालाको भूमिकाबारे गोष्ठी समेत आयोजना गरेको थियो ।

गोष्ठीमा आफ्नो धारणा राख्ने क्रममा सबैले आदिवासी थारुहरुको अधिकारको लडाइँमा सबै एकै ठाउँमा उभिनुपर्ने धारणा राखेका थिए । थारु समुदायको समानुपातिक प्रतिनिधित्व लगायत्का सन्दर्भमा सर्वोच्च अदालतबाट भएको फैसला कार्यान्वयनमा समेत समस्या देखिएकाले सबैले एक भएर यसको कार्यान्वयनका लागि दबाब सिर्जना गर्नुपर्ने वक्ताहरुको भनाइ थियो ।



कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन गरेका मन्त्री मोदीले आदिवासी थारुको अधिकारको कुनै पनि आन्दोलनमा आफ्नो साथ रहने प्रतिबद्धता व्यक्त गरे । '२०७० सालदेखि नै मैले सांसद्को रुपमा लगातार प्रतिनिधित्व गरिरहेको छु, संविधान निर्माणको बेलामा थारु समुदायको हक र अधिकारको लागि भएको आन्दोलनको अगुवाई म पनि थिए, आन्दोलन संघर्ष समितिको प्रवक्ताको जिम्मेवारीमा नै म थिए' उनले भने, ' आदिवासी थारुको अधिकारको लडाईंको नेतृत्वदायी भूमिकामा रहेर मैले आफ्नो जिम्मेवारी निभाउँदै आएको छु, आगामी दिनमा हुने कुनै पनि अधिकारको लडाईमा मेरो साथ र समर्थन रहन्छ ।'

**'निजामती ऐन चालु महिनामै टेबुल गर्ने तयारीमा छौं'**

यसैबीच मन्त्री मोदीले संघीय निजामती सेवा ऐन चालु महिनामा नै संसदमा टेबुल गर्ने तयारीमा आफू रहेको समेत बताएका छन् ।

ऐनका सबै कामहरु सकेर आफूले पदभार ग्रहण गरेको साढे दुई महिनामा नै रायका लागि अर्थ र कानूनमा पठाएको बताउँदै उनले भने, 'मैले सबैसँग कुरा गरिसकेको छु, अर्थ र कानुन मन्त्रालयले पनि अब राय लेखेर पठाउँदैछ, सबै प्रक्रिया सकेर यही महिनाभित्र यो ऐन टेबुल गर्ने तयारीमा छु ।'

मन्त्री मोदीले ऐनमा सबैको भावना समेटिएको समेत उल्लेख गरे । उनले भने, 'सरोकारवाला सबैलाई बोलाएर राय लिएको छु, सबैका भावनालाई ऐनमा समेट्ने प्रयास भएको छ' उनले भने । कार्यक्रममा उच्च अदालत विराटनगरका कायममुकायम मुख्य न्यायाधीश सत्यमोहन जोशी थारु, विशेष अदालत काठमाडौंका न्यायाधीश खुशीराम थारु, वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली, थारु आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरी, माओवादी केन्द्र संसदीय दलका सचेतक रुपा शोसी चौधरी, पूर्वमन्त्री एवं प्रतिनिधिसिभा सदस्य तेजुलाल चौधरी, नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद कल्पना चौधरी, रास्वपाका सांसद अशोक चौधरी, लोसपाका सांसद रामप्रकाश चौधरी, नागरिक उन्मुक्तिका सांसद गंगाराम चौधरी लगायतले आफ्नो विचार राखेका थिए । कार्यक्रममा थारु समुदायका पूर्वमन्त्रीहरु, संविधानसभाका सदस्यहरु, थारु आयोगका सदस्यहरु लगायत साधारणसभामा उपस्थित थिए ।

# 'प्रवासी नेपालीका लागि नीति निर्माण तहमै काम गर्नेछु'

**काठमाडौं/मस-** दीप सञ्चार मिडियाका प्रधान सम्पादक तथा कतारका युवा व्यवसायी दिपजंग शाह ठकुरी एनआरएनए आइसीसी सदस्यमा निर्वाचित भएका छन् ।

ठकुरी गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको १० औं राष्ट्रिय महाधिवेशनमार्फत सन् २०२३-२०२५ कार्यकालको लागि आइसीसी सदस्यमा फराकिलो मतले विजयी भएका हुन् ।

आइसीसीका ६ सदस्यका लागि कतारमा ९ जनाबीच चुनावी प्रतिस्पर्धा भएको थियो । बिहीबारदेखि शुरु भएको अनलाइन निर्वाचनमार्फत आइसीसी सदस्यमा एनआरएनए आइसीसीमा निर्वाचित भएका ठकुरी हाल एनसीसी कतारको २०२१-२०२३ कार्यकालका सचिव समेत हुन् ।

उनीसँगै श्रीकृष्ण भट्टराई, तेज कटुवाल, दुर्गा प्याकुरेल, प्रेमबहादुर चलाउने, बिक्रम कार्की पनि आइसीसी सदस्यमा निर्वाचित भएका छन् ।

आइसीसी सदस्यमा निर्वाचित भएपछि ठकुरीले सम्पूर्ण मतदाता तथा शुभेच्छुकहरूप्रति आभार प्रकट गर्दै धन्यवाद दिएका छन् ।



दाङमा जन्मिएर काठमाडौं र कतारलाई कर्मथलो बनाएका ठकुरीले झण्डै दशकभन्दा लामो समयदेखि गैरआवासीय नेपाली संघको विभिन्न जिम्मेवारी बहन गर्दै आएका छन् । हाल एनसीसी कतारको सचिव समेत रहेका ठकुरीले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारलाई पारदर्शी, समावेशी एवम् विश्वसनीय बनाउँदै राष्ट्रिय समन्वय परिषदका सम्भावित समस्या, अवसर र गतिविधिलाई अन्तर्राष्ट्रिय समन्वय परिषदसँग जोड्नुपर्नेमा पैरवी गर्दै आएका छन् । इतिहासकै संगीन मोडमा उभिएको एनआरएनएलाई 'सहमती, सहकार्य, एकता, आजको आवश्यकता' भन्ने मुख्य नाराका साथ सहज अवतरण गराउनको लागि एक कर्मठ सिपाहीको रुपमा अहोरात्र खाटिएर आफ्नो भूमिका निर्वाह गरिरहेको र आगामी दिनमा पनि त्यहि भूमिकामा रहने वाचा ठकुरीले गरेका छन् ।

'एनआरएनएको मूल मन्त्रअनुसार प्रवासमा रहेका सम्पूर्ण नेपालीको सेवा गर्न र नेपालीका हितका लागि नीति निर्माण तहमै काम गर्ने उद्देश्यले म यहाँ पुगेको हुँ' उनले मध्यान्हसँग भने, 'प्रवासमा रहने हरेक नेपालीको दुःख, सुखमासँग रहेर उहाँहरूका लागि काम गर्दै आएको छु र आगामी दिनमा पनि अझ सहकार्य र सहमतिसँगै अघि बढ्नेछु । मलाई यहाँसम्म पुऱ्याउन योगदान गर्नुहुने सबैलाई धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु ।'

डिजिटल प्रविधिबाट पहिलो पटक एनआरएन कतारले (स्मार्ट एनआरएनए) एपबाट मतदान गराइएको थियो । दुई प्यानलबीच भएको सो निर्वाचनमा विभिन्न ४० पदमा ७५ जनाले प्रतिस्पर्धा गरिरहेका थिए । निर्वाचनमा जम्मा ६२.८० प्रतिशत मत खसेको कार्यसमिति चयन संयोजक क्रान्ति सिंहले जानकारी दिए ।

## विपक्षीको...

असार १३ गतेको बैठकमा पनि रास्वपाले प्रतिनिधिसभा बैठक चल्दै गर्दा अर्थमन्त्रीको प्रतिवद्धता अनुरुप जिल्ला निर्वाचन कार्यालय जिल्ला प्रशासन कार्यालय मातहतमा नरहने सुनिश्चिता नभएसम्म बैठकको काम कारवाही अगाडि बढ्न नदिने भन्यो ।

बैठक १५ मिनेटका लागि स्थगित भयो । दोस्रो बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महतले आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तव्यको अनुसूची-१६ को खण्ड (क) को क्रमसंख्या १० मा रहेको प्रावधान हटाई हाल कायम रहेको जिल्ला निर्वाचन कार्यालय सम्बन्धी व्यवस्था यथावत नै रहेको जानकारी गराएपछि बैठको अवरोध रास्वपाले खुलायो । प्रधानमन्त्री पुष्पकमल प्रचण्डले दिएको अभिव्यक्तिको कारणले पनि संसद बैठक अवरोधको सिकार हुनुपुग्यो ।

प्रधानमन्त्री दाहालले सरदार प्रितम सिंहको जीवनीसँग सम्बन्धित पुस्तक 'रोडस् टु द भ्यालीः द लिगासी अफ सरदार प्रितम सिंह इन नेपाल' को बिमोचनको क्रममा आफूलाई प्रधानमन्त्री बनाउन सिंहले भारतका नेताहरुसँग भेटेको भन्ने अभिव्यक्ति दिएपछि एमालेले प्रधानमन्त्रीको राजीनामा माग्दै असार २० गते संसद बैठक अवरोध गऱ्यो । बैठक आधा घण्टापछि पुनः बस्ने भनेपनि बस्न सकेन ।

असार २२ गते बोलाइयो बैठक सारेर २५ गते पुऱ्याइयो । असार २५ गतेको बैठकमा प्रधानमन्त्रीले आफ्नो अभिव्यक्तिको सम्बन्धमा प्रष्ट्याउँदै आत्मआलोचना गरेसँगै बैठक सुचारु भएको थियो ।

असार ३१ गतेको प्रतिनिधिसभा बैठकमा सभामुखले 'केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०' सभामा प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा गर्दा राष्ट्रिय स्वतन्त्र पार्टीले नाराबाजी गर्दै बैठक अवरोध गऱ्यो । सभामुखले १५ मिनेटका लागि बैठक स्थगित नै गर्नुपर्यो । सोही दिन बसेको दोस्रो बैठक भने अवरोधरहित ढंगले अगाडि बढ्यो ।

पछिल्लो पटक साउन १० गतेको बैठक पनि प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)ले अवरोध गर्यो । विमानस्थलबाट एक क्विन्टल बढी सुन तस्करी भएको विषयमा एमालेले गृहमन्त्री र अर्थमन्त्रीको राजीनामा माग गरेको छ । सो दिन आकस्मिक समयमा सांसदहरुले बोलेपछि बैठकको अन्य प्रक्रिया अगाडि बढ्न सकेन । आगमी बैठक साउन १५ गते दिउँसो १ बजे बस्नेगरी बोलाइएको छ ।

यो वा त्यो नाममा संसदमा प्रतिपक्षी दलहरुको अवरोध बढेको छ । यसलाई स्वयम प्रतिपक्षी दलहरु बाध्यताका रुपमा अऱ्थ्याउँछन् भने सत्तारुढ दलहरु सरकारको कुरा नसुन्ने र अवरोध गरिहाल्ने प्रवृति बढेको तर्क गर्दछ ।

'जे जस्तो भए पनि संसदमा अवरोधको ग्राफ बढ्नु चिन्ताको विषय हो' पूर्वसांसद राधेश्याम अधिकारी भन्छन्, 'संसदमा जनप्रति आफ्ना कुरा शसक्त ढंगले राख्ने र त्यसलाई नीति निर्माणका राख्न पुगेका हुन् । त्यसका लागि संसदमा अवरोध होइन स्वच्छ बहस आवश्यक छ ।'

## सरकारको...

शनिवार बाँकेको नेपालगन्जमा लुम्बिनी प्रदेशस्तरीय जनप्रतिनिधिको प्रशिक्षण भेलाको सम्बोधन गर्दै अध्यक्ष ओलीले सरकारको जानकारीबिना एयरपोर्टमा एक क्विन्टल सुन भित्रन सम्भव नभएको बताए । एउटा सुइसमेत छिर्न नसक्ने एयरपोर्टमा कसरी एक क्विन्टल सुन भित्रिन सम्भव नरहेको उल्लेख गर्दै उनले अनुसन्धानमाथि नै प्रश्न गरे । सुन तस्करीमा आफूहरूलाई बचाउने अरुलाई फसाउने काम गरिरहेको अध्यक्ष ओलीको आरोप छ ।

बेथिती, भ्रष्टाचार बढेकोले देशमा एमालेको विकल्प नभएको पनि उनले बताए । 'गठबन्धनका नाममा सबेले मिलीजुली देशलाई लुट्ने काम भइरहेको छ । अब एमालेको विकल्प छैन' अध्यक्ष ओलीले भने ।

अर्थात, सरकारका कामकारबाहीमाथि प्रश्न उठाउँदै कार्यकर्तामाथि आशा र भरोसा जगाउँदै अध्यक्ष ओली बिभिन्न कार्यक्रममा सरिक भइरहेका छन् । २८ असार २०७८ मा सर्वोच्च अदालतबाट परामदेश भइएसँगै सत्ताबाट क्रमश बाहिरिएको नेकपा एमाले ४ मंसिर २०७९ को चुनावपछि संघदेखि प्रदेशसम्मै सत्तामा फेर्किएको थियो । तर १० पुस २०७९ मा प्रचण्डलाई प्रधानमन्त्री बनाउने गरी बनेको सत्ता गठबन्धन २५ माघ २०७९ मा राष्ट्रपतिको चुनाव हुँदै गर्दा टुट्यो र कांग्रेस, माओवादी केन्द्र सहितको गठबन्धन बन्यो र एमाले फेरि संघ देखि सातै प्रदेशमा सत्ताबाट बाहिरियो ।

१० पुस २०७९ को गठबन्धनबाट पाएको प्रतिनिधि सभाको सभामुख मात्रै एमालेसँग बाँकी छ । सबैतिर सत्ताबाट बाहिरिएपछि एमालेले कार्यकर्तालाई जगाउन मिसन ग्रासरुट अभियान चलायो । मिसन ग्रासरुट अभियानसँगै जारी रहेको पार्टी सदस्यता नविकरणको संख्या निराशाजन रहेको तथ्याङ्क सार्वजनिक भइरहेका बेला एमाले अध्यक्ष केपी शर्मा ओली बिभिन्न कार्यक्रममा सरिक भएर कार्यकर्तालाई एमालेको सत्ता यात्रा देखाइरहेका छन् । यसका लागि उनले सरकारले गरेका कतिपय कामको विरुद्धमा अभिव्यक्ति दिएर सरकारको नियत्तमाथि प्रश्न उठाइरहेका छन् ।

यही मेसोमा अध्यक्ष ओलीले सुन तक्करमाथिको अनुसन्धानमै प्रश्न उठाएका हुन् ।

नेकपा एमालेका महासचिव शंकर पोखरेल पनि सुन प्रकरण माथि उठेका प्रश्नको जवाफ आउनुपर्ने बताउँछन् । ' एअरपोर्टको प्रशासन, सुरक्षा निकाय र भंसार प्रशासन कहाँ कस्को संलग्नता छ र क कस्को संरक्षण छ ?' यसको जवाफ सरकारले दिनुपर्ने उनको माग छ ।

नेपालमा चल्ने अधिकांस मोटरसाइकल र स्कुटर भारतीय हुदाँ हुदैं चिनियाँ मोटरसाइकलमा प्रयोग हुने समान निरन्तर ल्याउँदै गर्दा पनि किन शंकाको घेरामा राखेर अनुसन्धान नगरिएको भन्दै उनले फेसबुकमार्फत प्रश्न पनि गरेका हुन् ।

## मलेसिया...

विषयमा पनि छलफल भएको दूतावासले जनाएको छ ।

मलेसियामा विदेशी कामदारको मामिला गृह मन्त्रालय मातहत रहेको छ । मलेसियाले नेपालसँगको श्रम सम्झौतामा नेपाली कामदारले आफ्नो राहदानी आफूसँग नै राख्न पाउने सहमति गरे पनि अधिकांश सप्लायर्स कम्पनीले नेपालबाट मलेसिया पुग्नासाथ राहदानी कब्जामा राख्ने र भिसा समाप्त भएको एक वर्ष बित्दासम्म पनि भिसा नलगाइदिने गरेका कारण समस्या रहेको गत शुक्रबारको साप्ताहिक फेसबुक कार्यक्रममा धेरै गुनासो आएको थियो ।

दूतावासले मलेसियामा नेपाली कामदारको संख्यामा उल्लेख्य वृद्धि भएकाले प्राथमिकताका आधारमा समस्याको समाधान गरिने भन्दै दूतावासको ईमेलमा समस्याको विवरण पठाउन आग्रह गरेको छ । मलेसियामा नयाँ कामदारको एप्रुभल खुल्ने विषयमा व्यापक चासो भएपनि शुक्रबारसम्म मलेसिया सरकारले नयाँ एप्रुभल खुल्ने कुनै संकेत नदिएको दूतावासले जनाएको छ ।

### हुम्ला डायरी

ओबराज शाही/मध्यान्ह

# पहिरोले तीन गाउँ उच्च जोखिममा

अविरल वर्षासँगै पहिरो जाँदा मध्य क्षेत्रका गाउँहरु उच्च जोखिममा परेका छन् । जोखिमपूर्ण गाउँमा मध्य क्षेत्रको सर्केगाड गाउँपालिका वडा २ रिप गाउँ, वडा ३ उनपानी गाउँ र वडा ८ रादेउ गाउँ रहेको छ । अबिरल वर्षाका कारण पहिरो जाँदा तीन गाउँ अहिले उच्च जोखिम पूर्ण बन्दै गएको जिल्ला प्रहरी कार्यलय हुम्लाले जनाएको छ ।



शुक्रबार राति अविरल वर्षाका कारण माथिबाट गएको बाढी र पहिरोले पुलपुलेसा, खेतबारी, बिजुली, सडक र घरमा क्षति पुऱ्याएको स्थानीय बृर्ख कार्कीले बताए । त्यस्तै रादेउमा पनि खेतबारीसहितको जग्गा पुल आदि बगाएको र गाउँ जोखिमपूर्ण रहेको छ । रिपमा गाउँमा २ सय ३० घरधुरी रहेको र गाउँ नजिकै पहिरो जाँदा गाउँनै जोखिम रहेको छ । १५ वर्ष पहिला पनि यस्तै पहिरो जाँदा ठूलै क्षति भएको र अहिले पूरा बस्ती नै जोखिम हुने गरी बाढी, पहिरो गएको हो ।

बाढी र पहिरोले धान, कोदो, मकै, चिनो लगायको खेतबारी बगाएको छ । उनापानीमा भने तातोपानी लघुविद्युत आयोजनाको पावर हाउसमै पहिरोले क्षति पुऱ्याएको छ । त्यसगाउँमा रहेका तातोपानीका कुण्डहरु सबै पुरिएका छन् । खानेपानीका मुहान पुरिनुका साथै ३० हेक्टरमा लगाइएको धान खेत पहिरोले बगाएको स्थानीयले बताए ।

जिल्लाबाट प्रहरी निरीक्षक राजन भट्टराईको नेतृत्वमा ३० जनाको प्रहरी, लप्टन पवन पन्तको नेतृत्वमा २५ जना र सशस्त्र प्रहरी निरीक्षक पप्पु यादवको नेतृत्वमा १५ जना सशस्त्र प्रहरी गरी ७० जना बिहान सदरमुकाम सिमकोटबाट पहिरोको अनुगमन गर्न गएका छन् ।

पहिरोले मानवीय क्षति नभएपनि ठूलै भौतिक क्षति भएको स्थानीयबाट जानकारी आएपनि प्रहरीको टोली घटनास्थलमा पुगेपछि मात्र क्षतिको यकिन विवरण प्राप्त हुने जिल्ला प्रहरी कार्यालय हुम्लाले जनाएको छ ।

# आधारभूत स्वास्थ्य इकाइको भवन प्रयोगविहीन

तीन वर्षअघि बनेको आधार भूत स्वास्थ्य इकाइको भवन प्रयोगविहीन भएको छ । हुम्लाको सिमकोट गाउँपालिका वडा ८ को याङगु गाउँमा बनाइएको आधारभूत स्वास्थ्य इकाइ प्रयोगविहीन भएको स्थानीय भक्त वीर परियारले बताए ।



स्थानीय परियारका अनुसार संघीय सरकारबाट ३९ लाखमा बनेको चार कोठे भवन तीन वर्षसम्म प्रयोगविहीन हुँदा जीर्ण हुने अवस्थामा पुगेको छ । स्थानीय सरकारलाई पटक-पटक उक्त भवनको प्रयोग गरेर गाउँका नागरिकलाई सेवा दिनेबारेमा निवेदन दिँदा पनि कुनै सुनुवाइ नै नभएको स्थानीय हिम्मतबहादुर शाहीले मध्यान्हलाई बताए ।

याङगु गाउँको छिमेकी गाउँ साँता गाउँमा सामुदायिक स्वास्थ्य इकाइ छ । तर उक्त इकाइ भाडाको घरमा राखिएको छ । याङगु गाउँमा करिब ६५ घरधुरी भएपनि सामान्यदेखि जटिल बिरामी हुँदा करिब आधा घण्टा लगाएर साँता गाँउ जानुपर्ने बाध्यता रहेको छ । याङगुमा भन्दा साँता गाउँमा आधा घरधुरी कम छन् ।

यता गाउँपालिकाकी उपाध्यक्ष सुशील रोकाया भने भवन बनाउँदा दुई गाउँको पायक पर्ने स्थानमा भवन नबनाएकाले प्रयोगविहीन भएको बताउँछिन् । त्यस्तै दुई गाउँको सहकार्यको पनि कमी भएको उनले बताइन् । उक्त भवनका लागि कुनै उपाय स्थानीय सरकाले खोज्ने र प्रयोगमा ल्याउने उपाध्यक्ष रोकायाको भनाइ छ ।

# आमाछोरीको हत्या आरोपमा तीन जना पुर्पक्षका लागि कारागार चलान

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १३ साउन

मौलापुर नगरपालिका-४ पतौरामा आमा छोरीको हत्या गरेको आरोपमा परिवारका तीन सदस्यलाई शुक्रबार जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलानको आदेश दिएको छ । हत्या आरोपी एक जना अझै फरार छन् ।

गएको असार १५ गते बिहान पतौराका २४ वर्षीया कविता देवी र उनकी २ वर्षीया छोरी आरुही कुमारी घरमै मृत अवस्थामा फेला परेका थिए । बालिका आरुहीको शव पंखामा झुन्डिएको अवस्थामा र कविताको शव घरको सिँढीमुनि शंकास्पद अवस्थामा फेला परेपछि प्रहरीले हत्या आंशकामा अनुसन्धान अघि बढाएको थियो । घटनापछि मृतक कविताका श्रीमान धीरेन्द्र साह, सासु मैनादेवी साह र जेठानी निशा देवीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान थालेको थियो । ससुरा नागेन्द्र साह अहिले पनि फरार छन् ।



प्रहरीले चारै जनाविरुद्ध कर्तव्य ज्यान मुद्दामा अनुसन्धान सकेर अदालतमा पेस गर्दा न्यायाधीश तेजबहादुर खड्काको एकल इजलासले पक्राउ परेकाहरु निर्दोष छन् भन्ने तत्काल आधार नदेखिएकाले पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । पक्राउ परेकाहरुले अदालतमा इन्कारी बयान दिएका थिए । मृतक कविताका बुवा विजयशंकर साहले ज्वाइँ धिरेन्द्रलगायत ४ जनाले हत्या गरेको भन्दै उनीहरुविरुद्ध कर्तव्य ज्यानसम्बन्धी किटानी जाहेरी दिएका थिए । २०७७ मंसिरमा छोरीको विवाह गर्दा उनले ज्वाइँलाई दाइजोमामोटरसाइकल दिएका थिए । विवाहमा मागेजति सामान दिएपनि दुई वर्षपछि छोरीमार्फत सुनको सिक्री, औंठी र पलङ मागेर हैरान पारेको र थप सामान नदिएपछि छोरी र नातिनीको हत्या भएको उनको आरोप छ ।

# शान्तिपूर्णरुपमा पर्व मनाउन रौतहट प्रशासनको आग्रह

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १३ साउन

मुस्लिम समुदायलाई मोहरम पर्व शान्तिपूर्ण, मर्यादित, व्यवस्थित तथा सुरक्षित तवरले मनाउन जिल्ला प्रशासन कार्यालय रौतहटले आग्रह गरेको छ ।

कार्यालयले एक सूचना निकालेर जिल्लामा वर्षौंदेखि विभिन्न धर्म सम्प्रदाय समुदायले मनाउने पर्वहरु शान्तिपूर्ण र हर्षेउल्लासका साथ मनाउँदै आएकाले यो पर्व पनि शान्तिपूर्ण मनाउन आग्रह गरेको हो । सूचनाको पालना गरिदिन मुस्लिम धर्मावलम्बीहरुसँग प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले आग्रह गरेका छन् ।

मोहरम पर्व मनाउने सिलसिलामा पर्वको नाममा सार्वजनिक स्थलहरुमा कुनै पनि किसिमको घरेलु हातहतियार खुकुरी, तरबार, भाला, फर्सा प्रर्दशन नगर्न-नगराउन कार्यालयले अनुरोध गरेको छ ।

साथै सो सूचनाका अवज्ञा गरी जिल्लाको शान्ति सुरक्षालाई बिथोल्ने कुनै पनि अवाञ्छित र गैर कानूनी कार्य गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही गरिने चेतावनी पनि कार्यालयले दिएको छ ।

# एनसीसी कतारको अध्यक्षमा रमेश भट्ट

## नवनिर्वाचित पदाधिकारीहरूले लिए शपथ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १३ साउन



गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको नवौं राष्ट्रिय महाधिवेशन २०२१-०२३ सम्पन्न भएको छ। एनआरएनए आइसीसीका उपाध्यक्ष राजेन्द्र कुमार (आरके) शर्माको प्रमुख आतिथ्यता तथा संघका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानको सभापतित्वमा महाधिवेशन सम्पन्न भएको हो।

त्यसअघि शुक्रबार राति सम्पन्न निर्वाचनसँगै मत परिणाम पनि सार्वजनिक भएको छ। कार्यसमिति छनोट समितिले सार्वजनिक गरेको नतिजा अनुसार २०२३/२५ कार्यकालका लागि रमेश भट्ट अध्यक्ष पदमा निर्वाचित भएका छन्।

कुल ४२ पद रहने एनसीसीमा महिला संयोजक सुष्मा खतिवडा कटुवाल तथा युवा संयोजक मेहत सिङ तामाङ निर्विरोध निर्वाचित भएका थिए भने ४० पदमा ७५ जना चुनावी मैदानमा होमिएका थिए। चुनावी मैदानबाट कार्यसमितिको प्रथम उपाध्यक्षमा कृष्ण पन्थी, द्वितीय उपाध्यक्षमा केशव कार्की, तृतीय उपाध्यक्षमा सन्दीप भट्टराई, महिला उपाध्यक्षमा नानु घले ब्लोन, युवा उपाध्यक्षमा सुवास बहादुर थापा, महासचिवमा रबिन मगर, सचिवहरूमा क्रमशः ओम बहादुर क्षेत्री (सन्तोष), रोशन अर्याल र सुरज शर्मा अधिकारी, कोषाध्यक्षमा बुद्ध पाण्डेय र सह-कोषाध्यक्षमा झबिन्द्र आचार्य निर्वाचित भएका छन्। कार्यसमितिका सदस्यहरूमा विष्णु सापकोटा, विनोद राना मगर, इनुस मोमिन, इसिलाल पण्डित, झबिन्द्र प्रसाद बेल्बासे, तिलक बहादुर बस्नेत, दुर्गा बहादुर बिक, टंक बहादुर बिक, परमानन्द भट्ट, प्रेम कुमार बस्नेत, मो.अजाद मंसुर मो. कौसर रब्बानी, रमेश के सी, राजेन्द्र काफ्ले, सन्तोष कुँवर, सन्तोष पौडेल, सुमन कुमार ल्हो, सुदिप पाठक र श्याम प्रसाद पौड्याल निर्वाचित भएका छन्। त्यस्तै लेखा समिति संयोजकमा कवीन्द्र कँडेल र सदस्यद्वय गिरिराज दुवाडी र विकास लामा निर्वाचित भएका छन्।

त्यस्तै आइसीसी सदस्यहरूमा विक्रम कार्की, श्रीकृष्ण भट्टराई, तेज कटुवाल, दिपजंग शाह, दुर्गा प्याकुरेल र प्रेम बहादुर चलाउने रहेका छन्। ८ हजार ९ सय ५१ जना पञ्जीकृत सदस्यता रहेको एनसीसी कतारमा कुल ६२.८० प्रतिशत अर्थात ५ हजार ६ सय २१ जनाले मात्र मतदान गरेका थिए।

महाधिवेशन कार्यक्रममा बोल्दै प्रमुख अतिथि शर्माले एनआरएनए सामाजिक संस्था रहेको हुनाले प्रवासमा दुःख, सुख साट्ने ठाउँ भएको बताए। उनले मध्यपूर्वबाट ५३ प्रतिशत रेनिट्यान्स जाने भएको हुँदा एनआरएनएमार्फत अधिकारको लडाइँ जारी रहेको बताए। उनले कतार सबैभन्दा बढी रेमिट्यान्स भित्र्याउने देश रहेको बताउँदै प्रवासमा रहँदा सोही देशको कानूनको अक्षरशः पालना गर्न आग्रह गरे।

कार्यक्रममा आइसीसीका विभिन्न तह र तप्काका उच्च पदाधिकारीको विशेष आतिथ्यता सहित शुभकामना मन्तव्य रहेको थियो। राष्ट्रिय गान, दीप प्रज्वलनसहित शुभारम्भ गरिएको कार्यक्रममा संघका उपाध्यक्ष जैवी राईले स्वागत मन्तव्यद्वारा कार्यक्रममा उपस्थित सबैलाई स्वागत गरेका थिए।

सम्मान तथा पुरस्कार वितरण

महाधिवेशनबाट संघले सञ्चालन गरेका विभिन्न अभियानमा सहयोग पुराउने संघ संस्थालाई सम्मान गरिएको थियो। संघको कार्यकाल २०१७-२०१९ मा स्थापित साहित्य, पत्रकारिता र खेलकुद पुरस्कार समेत वितरण गरिएको छ। २०२१-२०२३ को 'साहित्य पुरस्कार' मणि पौडेल, 'पत्रकारिता पुरस्कार' शारदा भुजेल र 'स्वास्थ्य तथा खेलकुद' पुरस्कार बिरबल महतलाई प्रदान गरिएको थियो।

**आयव्यय तथा कार्य प्रगति विवरण**

संघका कोषाध्यक्ष विनोद प्रसाद बसौलाले एनसीसी कतारमा १ लाख ८२ हजार ८ सय सात कतारी रियाल बचत रहेको र १४ हजार ५ सय ५९ रियाल उठ्न बाँकी रहेको आयव्यय विवरण पेस गरेका थिए। कार्य प्रगति विवरण महासचिव पदम गिरीले पेस गरेका थिए। पेस गरिएको मध्य आयव्ययउपर सामान्य छलफलसहित दुवै विवरण अनुमोदन भएका थिए।

**शपथ कार्यक्रम**

महाधिवेशनमा दशौँ निर्वाचनबाट विजयी भएका कार्यसमितिका पदाधिकारी हरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराइएको थियो। मौजुदा कार्यसमिति भंग नगरी नवनिर्वाचित पदाधिकारीहरुलाई प्रमुख अतिथि शर्माले शपथ ग्रहण गराएपछि संस्था पद्धति बाहिर गएको भन्दै फ्लोरबाट आवाज उठेपछि कार्यक्रमका सभापतिले मध्यपूर्वलगायत कतारमा पनि यस्तो प्रकृतिको अभ्यास भइसकेको भन्दै स्पष्टीकरण दिएका थिए।

**बन्यो छानबिन समिति**

संघका प्रमुख सल्लाहकार उत्तम गुरुङले एनसीसि कतारको २०१९-२३ सम्मको कार्यकालमा आर्थिक अनिमियतता भएको दाबी गरेका थिए। यद्यपि महाधिवेशनमा २१/२३ कार्यकालको आयव्यय छानबिन गर्न आइसीसिका सहकोषाध्यक्ष होमनाथ शर्माको संयोजकत्वमा नवनिर्वाचित लेखा संयोजक कविन्द्र कंडेल, लेखा समिति सदस्यद्वय गिरिराज दुवाडी र विकास लामा रहेको छानबिन समिति गठन गरेको छ। समितिले आवश्यकताअनुसार सदस्य थप्न सक्नेछ।

रुपन्देही डायरी
रेशम अधिकारी/मध्यान्ह

# देवदह 'पानबारी काण्ड' १८ जनाको नाममा सार्वजनिक जग्गा



रुपन्देहीको देवदह नगरपालिकाभित्र रहेको सार्वजनिक जग्गा व्यक्तिको नाममा भएको पाइएको छ। आदर्श बहुमुखी क्याम्पसले देवदह-४, बैकुण्ठ नगरमा रहेको ३० कट्ठा जग्गा व्यक्तिलाई बिक्री गरेको पाइएको हो। शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरी आदर्श क्याम्पसले ३० कट्ठा जग्गा १८ जनाको नाममा बिक्री गरेको प्रेम थापाले जानकारी दिए। उनले उक्त जग्गा फिर्ता गराउन क्याम्पसलाई पटक/पटक आग्रह गर्दासमेत बेवास्ता गरेका कारण पत्रकार सम्मेलनको आयोजना गर्न बाध्य भएको बताए। थापाले क्याम्पसले भोगचलन गरेको जग्गा सार्वजनिक भएकोले व्यक्तिलाई बिक्री गर्न नपाउने दाबी गरे।

अधिवक्ता छवि भट्टराईले क्याम्पसले व्यक्तिलाई बिक्री गरेको जग्गा फिर्ता गरी स्थानीय तहको मातहतमा ल्याउनुपर्ने बताए। उनले एक हप्ताभित्र उक्त जग्गा स्थानीय तहको मातहतमा नल्याए अर्को कदम चाल्न बाध्य हुने बताए। भट्टराईले क्याम्पसले व्यक्तिलाई किनबेचको कागज बनाए पनि जग्गा कतिमा बेचेको हो भन्नेबारे उल्लेख नगरिएको बताए। उनले भने, 'सार्वजनिक जग्गा संरक्षण गर्नु सबैको दायित्व हो, सार्वजनिक जग्गा राष्ट्रको सम्पत्ति भएकोले क्याम्पसको नाममा रहेको सार्वजनिक जग्गा व्यक्तिलाई बिक्री वितरण गर्न पाइदैन।' सार्वजनिक जग्गा बिक्री वितरण रोक्नका लागि नागरिकस्तरबाट नै दबाब दिन आवश्यक रहेको उनले बताए। भट्टराईले सार्वजनिक जग्गा संरक्षण गर्न नगरपालिकालाई आग्रह गरेपनि बेवास्ता गर्दै आएको आरोप लगाए।

सो अवसरमा ३० कट्ठा जग्गा दर्ता भएका १८ जनाको नामावलीसमेत सार्वजनिक गरिएको थियो। जसमा कृष्ण हरि सापकोटा, दुर्गालाल तिवारी, भिमलाल तिवारी, पदम पाण्डे, कृष्ण चापागाईं, धनलाल भुसाल, थानेश्वर कँडेल, बासुदेव रिमाल, ऋषि सापकोटा, मित्रलाल न्यौपाने, जीवलाल पराजुली, लक्ष्मी कँडेल, विनोद पराजुली, नमराज पुरी, सुरेन्द्र पोखेल, निलकण्ठ पौडेल, लिलाधर मरासिनी र तुलसी न्यौपाने रहेका छन्। क्याम्पसले व्यक्तिलाई बिक्री गरेको जग्गा फिर्ता नगरे कानूनी प्रक्रियासमेत अगाडि बढाइने प्रेम थापाले जानकारी दिए।

# पाकडी वृक्ष परिसरमा वाल पेन्टिङ



लियो क्लब अफ लर्ड बुद्धले देवदह-८ स्थित पाकडी वृक्ष परिसरमा वाल पेन्टिङ गरेको छ। एसियाकै ठूलो आंकलन गरिएको पाकडी वृक्ष परिसरको वालमा विभिन्न आकृतिका पेन्टिङ गरिएको हो। वातावरण स्वच्छ राख्नका लागि रुख बिरुवाको संरक्षण गर्नुपर्ने र वातावरण प्रदूषण गर्दा मानव स्वास्थ्यलाई प्रतिकुल असर पर्ने भएका कारण 'वातावरण पदूषण नगरौं, रुख बिरुवा नकाटौं' भन्ने सन्देश दिनका लागि वालमा सन्देशमूलक आकृतिका चित्र कोरिएको क्लबका अध्यक्ष प्रदीप पाण्डेले बताए।

कार्यक्रममा बोल्दै लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्दिचरण भट्टराईले देवदहको पर्यटन प्रवर्द्धनका लागि देवदहका आमनागरिक एकजुट भएर लाग्नुपर्ने बताए। पर्यटनले रोजगारीको सिर्जनासँगै आर्थिक स्तरोन्नतिसमेत हुने भन्दै कार्यक्रमका प्रमुख अतिथि समेत रहेका भट्टराईले पर्यटनलाई आर्थिक समृद्धिसँग जोड्नुपर्ने बताए। कार्यक्रममा दण्डपाणि भट्टराई, राहुलदेव सापकोटा, दिपेश विक्रम मल्ल, कमल पौडेललगायतले मन्तव्य राखेका थिए। कार्यक्रम क्लबका अध्यक्ष प्रदिप पाण्डेको अध्यक्षता, उपाध्यक्ष अभिषेक पौडेलको स्वागत र सचिव रुविना विकको सञ्चालनमा सम्पन्न भएको थियो।

# मनाइयो ताजिया मेला




**मनु यादव/मध्यान्ह**
सिरहा, १३ साउन

सिरहाको नवराजपुर गाउँपालिका वडा नम्बर ५ कुर्सन्डी र भारत बिहार घोडमोहना सीमानाको मध्य बिन्दुका मुस्लिम समुदायसहित देशका विभिन्न स्थानमा ताजिया (दाहा)मेला मनाइएको छ।

हरेक वर्षभैं यस वर्ष पनि नवराजपुर गाउँपालिका, भगवानपुर गाउँपालिका, भारत बिहार घोडमोहना सीमानाको मध्य बिन्दुका मुस्लिम समुदायले आ-आफ्नो घरमा बनाएका दाहा राखेर दाहा पर्व बनाएका हुन्। सो स्थलका युवाले विभिन्न प्रकारका कलात्मक खेल समेत प्रदर्शन गरेका थिए। दाहा मेलामा मुस्लिम समुदायका महिलाहरुले हसन हुसेनको सम्झनामा गीत गाउने परम्परा रहेको छ।

इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मद पैगम्बरका नाति हजरत हसन र हुसैनले इस्लाम धर्मको रक्षाका लागि आफ्नो ज्यानको कुर्वानी (बलिदानी) दिएका थिए।

हुसैनकी आमाले पढेको नवाज अल्लाहले सबैभन्दा बढी मन पराउने भएकाले नवाज पढ्ने समयमा सधैं हुसेन रोइरहेपछि फरिस्ताले अल्लाहले आग्रहमा नवाज सुन्न बाधा नपरोस् भनी जन्नत घुमाउँदासमेत हुसेन रुन नछाडेपछि अल्लाहले तिमी किन रोइरहेको भनी प्रश्न गरे थिए।

हुसैनले हर्जरत मोहम्मदका उम्मद (अनुयायी) सिधैं जनता जान पाउन् भनी माग गरेपछि अल्लाहले तिमी कर्वला बग्दादमा शहीद हुन तयार छौं भने मात्र म तिम्रो इच्छा पूरा गर्नेछु भनी वाचा गरेपछि मोहर्रमको नवमीको रात हुसैनको कतल गरी मोरम दशमीको दिन शहीद भएको सम्झनामा यो पर्व मनाइँदै आइएको छ।

# कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ, कारागार चलान




**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १३ साउन

सिरहामा प्रहरीले कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादीलाई पकाउ गरी जन्मकैद भुक्तानको लागि सिरहा कारागार पठाएको छ। फरार रहेका प्रतिवादी सिरहा लहान नगरपालिका वडा नं. ५ बस्ने राज कुमार साहको छोरा ३२ वर्षीय अमित कुमार साहलाई लहान नगरपालिका वडा नं. ८ बाट इलाका प्रहरी कार्यालय लहानले पक्राउ गरी जन्मकैद भुक्तानका लागि सिरहा कारागार पठाइएको प्रहरीले जनाएको छ।

उच्च अदालत जनकपुर राजविराजले साहलाई जन्मकैद सजाय हुने फैसला सुनाएको थियो तर साह त्यसपश्चात् फरार रहेका थिए। त्यसअघि जिल्ला अदालत सिरहाले साहलाई थुनामुक्त गर्न आदेश दिएपछि सरकारी वकिलको कार्यालय उच्च अदालत पुगेको थियो।

# मुसहर छात्रलाई नगरद्वारा छात्रवृत्ति प्रदान

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १३ साउन



मुसहर समुदायबाट एसईई उत्तीर्ण हिमाल सदालाई कटारी नगरपालिकाले निःशुल्क अध्ययनका लागि छात्रवृत्ति प्रदान गरेको छ। कटारी नगरपालिका वडा नं. ५ का श्याम सदा मुसहरका छोरा हिमालले भोर्ले माध्यामिक विद्यालयबाट यस वर्ष सी प्लस ल्याएर एसईई उत्तीर्ण गरेका थिए।

नगरपालिकाले एक कार्यक्रम आयोजना गरी नगरभित्रको मुसहर समुदायबाट एसईई उत्तीर्ण छात्र हिमाललाई मेयर राजेशचन्द्र श्रेष्ठ तथा उपमेयर गीता खड्काले बधाई दिँदै त्रिवेणी माध्यामिक विद्यालय कटारीमा निःशुल्क कक्षा ११ अध्ययन तथा निःशुल्क पोसाकको व्यवस्था गरिएको जानकारी दिए।

# दैलेखी समाज बाँकेको स्थापना दिवसमा रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
बाके, १३ साउन

बाँकेको नेपालगन्ज उप-महानगरपालिका वडा नं. १८ मा रहेको दैलेखी समाज बाँकेले आफ्नो १८ औं स्थापना दिवस तथा १७ औं वार्षिकोत्सवको अवसरमा वृहत रक्तदान सम्पन्न गरेको छ।

'रक्तदान जीवनदान' मुख्य उद्देश्यकासाथ आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रतिनिधिसभा सांसद दीपा शर्मा र विशिष्ट अतिथि तथा बाँकेका प्रमुख जिल्ला अधिकारी बिपिन आचार्यले प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र नेपालगञ्जका प्राविधिक होमराज गिरी र महेश रानाक्षेत्रीलाई संयुक्त रुपमा रगत संकलन गर्ने पाकेट हस्तान्तरण गरी रक्तदान कार्यक्रमको उद्घाटन गरिएको थियो।

रक्तदान कार्यक्रममा बिष्णु श्रेष्ठ, प्रकाश सुनार, गौरी रिजाल, हीरामणि दहाल, ओम प्रकाश देवकोटा, कपिल खनाल, खगेन्द्र प्रसाद आचार्य, पुष्पा अधिकारी, बिपिन कार्की, कमला रावत, निरु पुन, सुकुमराज थारु, रुक बहादुर थापा, बिष्णु केसी, डिल्ली प्रसाद न्यौपाने, सरोज केसी, मीन बहादुर थापा, सन्दिप शाही, यस चौधरी, प्रकाश कुमार सिजापति, सुजल थारु, कृष्ण बहादुर थापा, रुपेश चौधरी, सुदीप चौधरी, गौरव तिरुवा, सुरेश, एलिश बस्नेत, कमलराज गिरी, रिया परियार, तेज बहादुर बुढामगर, सञ्जय वर्मा, राम सरन थारु, बिनोद बिसी, बिपना शर्मा, भावना अधिकारी, निरुता कुमारी थारु, बुद्धिराम थारु, धिरेन्द्र बहादुर साउद, निखिल थारु, जगत बहादुर थारु, पुरन बिक, राम प्रकाश थारु, अतुल हरिजन, बिपिन सुनार, बिजय थारु, चन्द्र सिंह ठगुन्ना, अल्का शर्मा, निरु लम्साल, चन्द्र सोनी, हीरालाल थारु, गया नन्द चौधरी, सरोज थारु, सन्देश थापा, सिमन राना, नगेन्द्र , टंक प्रसाद पोखरेल, राकेश डंगौरा, हीना कुमारी डंगौरा, दिपक थारु, मीना थापा, दिपक बिष्ट, शुभम गुप्ता, कविता चौधरी, ललिता शाही, रमेश थारु लगायत ६७ जनाले रक्तदान गरेका छन्।

दैलेखी समाज बाँके नेपालगञ्जका अध्यक्ष पूर्णदेव गिरीको अध्यक्षतमा भएको कार्यक्रममा समाजका उपाध्यक्ष डिल बहादुर थापाले स्वागत मन्तव्य राखेका थिए। सो कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व प्राज्ञ सदस्य हरि प्रसाद तिमिल्सेना, नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेका सचिव भिष्मलोध, नेपाल रेडक्रस सोसाइटी बाँकेका सदस्य मीन बहादुर मल्ल र समाजका पदाधिकारीहरुको सहभागिता रहेको थियो।

प्रादेशिक रक्तसञ्चार सेवा केन्द्र नेपालगञ्जका प्रमुख उपेन्द्र रेग्मी, होमराज गिरी, राम भक्त लम्साल, महेश राना क्षेत्री, प्रशान्त तिवारी, सपना मल्ल, केशर सिंह डाँगी, बीरेन्द्र योगीले प्राविधिकमा सहयोग गरेका थिए।

JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?
यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।
Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )

VACANCY ANNOUNCEMENT
यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Public Relations Officer - (2 Male/3 Female)
सम्बन्धित काममा ३/४ बर्षको अनुभव भई अंग्रेजीमा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।
तलब रु. २५,000/-
Send us your CV: Email : info@succesnepalhr.com successnepalhr@gmail.com
9857033536
SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.
Lic No. 1128/073/074
Sinamangal-09, Tara Hall Chowk, Kathmandu

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१४ साउन २०८०, आइतबार
30 July 2023, Sunday

## सम्पादकीय

# नचेत्ने नेताहरु

कोशी प्रदेशको सरकार गठनको गृहकार्य काठमाडौंमा शुरु भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कोशी प्रदेशका नेताहरुलाई काठमाडौं बोलाएर नयाँ सरकारको गृहकार्य थालेका हुन् । यी नेताहरुको प्राथमिकतामा भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लाई फकाउने देखिन्छ । यदि राप्रपाले सत्ता गठबन्धनलाई सहयोग गरे कोशीमा फेरि सरकार बन्नेछ । सरकार बनाउन सत्तारुढ गठबन्धनसँग धेरै समय नभएकाले पनि शनिबारबाटै गृहकार्य शुरु भएको हो । बिहीबार मात्रै सर्वोच्च अदालतले १७ साउनसम्म संयुक्त सरकार बनाउन र नबने संविधानको धारा १६८ (३) बमोजिम सवैभन्दा ठूलो दलको हैसियतमा नेकपा एमालेको सरकार गठन गर्न परमादेश दिएको छ ।

तर संघीय सरकारका साझेदार दलहरु कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले मात्रै सरकार बनाउन सक्ने अवस्था छैन । यी सबै दलसँग गरेर ४६ प्रदेशसभा सदस्य मात्रै छ । ९३ सदस्यीय प्रदेशसभामा सरकार बनाउन ४७ सदस्य आवश्यक पर्छ। गएको २१ असारमा प्रदेशसभाका सभामुख रहेका बाबुराम गौतमको समेत संख्या जोडेर कांग्रेसका नेता उद्धब थापालाई मुख्यमन्त्री नियुक्त गरिएको थियो । तर त्यसविरुद्ध परेको रिटमा सर्वोच्चले सभामुखलाई सरकार गठन प्रक्रियामा सामेल गराउन असंवैधानिक हुने ठहरसहित थापालाई पदमुक्त गरिदिएको छ । एमाले नेतृत्वको गठबन्धनसँग पनि सरकार बनाउन आवश्यक ४७ सदस्य छैन। एमालेसँग ४० र एमालेलाई साथ दिइरहेको राप्रपासँग ६ सदस्य मात्रै छ । त्यसैले कांग्रेस नेतृत्वको गठबन्धन राप्रपा मनाउने गृहकार्यमा जुटेका छन् ।

अहिलेकै अवस्थामा राप्रपाले मानिहाल्ने अवस्था देखिदैन । राप्रपाले आफै सरकारको दाबी गरेको छ । त्यसैले कोशीको सरकार गठन प्रक्रिया सहज देखिएको छैन । यस्तो संकट निम्त्याउने काम भने सत्तारुढकै नेताहरुले गरेका थिए । यसअघि कोशीमा एमाले नेतृत्वको सरकारसँग आवश्यक बहुमत थियो । तर प्रचण्डले संघमा गठबन्धन बदलेपछि कोशीमा पनि सरकार परिवर्तन गर्न दबाव दिइयो । माओवादीका नेताहरु मञ्जुर नहुँदा पनि प्रचण्डको दबावमा सत्ताबाट बाहिरिए भने सभामुखकै हस्ताक्षर बुझाएर कांग्रेसका थापा मुख्यमन्त्री बनाइए। जबकी संघले हस्तक्षेप नगरेको अवस्थामा एकपटक सरकार बनिसकेको कोशीमा फेरि पनि बन्न सक्छ । तर केन्द्र सरकारको हस्तक्षेपका कारण कोशी सरकार संकटमा परेको छ भने प्रदेश सरकार अलग्गै सरकार हुने संवैधानिक भावना समेत उल्लङ्घन हुन पुगेको छ। यस्तो कार्य शीर्ष नेताहरुको प्रतिबद्धता र आफैले लेखेको संविधान बमोजिम होइन । तर बिगतमा जस्तै यसपटक पनि संघको सत्ता जोगाउन प्रदेश सरकारलाई बन्धक बनाइदैछ, जसले राजनीतिक बितृष्णा थप बढ्ने प्रष्ट छ ।

# वित्तीय संघीयताको सवाल

अग्रलेख



● गम्भीर बहादुर हाडा



संघीय प्रणालीमा तीन किसिमको सरकार हुन्छन्- संघ, प्रदेश र स्थानीय सरकार। यी विभिन्न प्रकारका सरकारमध्ये माथिल्लो सरकारले तल्लो सरकारलाई कामको, अधिकार दिँदा विभिन्न तरिकाले दिने गर्दछ। पहिलो, केन्द्रले आफ्ना कार्यालयहरु मार्फत स्थानीय तहमा काम गर्ने, दोस्रो, केन्द्रले मातहत कार्यालयहरुलाई अधिकार दिई त्यसैमार्फत काम गराउने र तेस्रो, केन्द्रले स्थानीय तहमा स्वायत्त सरकार गठन गराई त्यसलाई अधिकार प्रक्षेपण गर्ने। वित्तीय संघीयता यी तीन किसिमका सरकारमध्ये तेस्रो प्रकारको सरकारसँग सम्बन्धित रहेको हुन्छ। वित्तीय संघीयता भनेको कसले के गर्ने, कसले कर लगाउने, आम्दानी र खर्चबीचको असन्तुलन कसरी हटाउने, राजस्वलाई नियमित कसरी बनाउने र कस्तो संरचनाले यो काम गर्न सक्छ भन्ने सम्बन्धमा गरिएको सहमति हो। विकेन्द्रीकरण बिना यो सम्भव छैन। यो स्थानीय निकायलाई साधन र स्रोतको व्यवस्था गर्दै उनीहरुलाई आर्थिक हिसाबले सुदृढ बनाउने कामसँग सम्बन्धित छ।

समग्रमा सरकारले अर्थ संकलन गर्ने, कानुनको सीमा, परिधि र प्रक्रियाभित्र संग्रह र खर्च गर्ने गराउने संयन्त्र नै वित्तीय संघीयता हो। कानुनको शासनमा सबै कामहरु कानुनबमोजिम हुनुपर्छ। तसर्थ, राजस्व परिचालन, स्रोत बाँडफाँट र बजेट निर्माण जस्ता कार्यहरु कानुनबमोजिम गरी समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी वित्तीय संघीयताको कार्यान्वयन गर्नुपर्छ। संघीयता कार्यान्वयनका महत्वपूर्ण आधार वित्तीय संघीयता हो। वित्तीय संघीयता अर्थराजनीतिक विषय पनि हो। वित्त व्यवस्थापनका प्रमुख आयामहरु मौजुदा स्रोतको कुशलतम बिनियोजनको विषयमा तल्ला तहका सरकारहरुको संलग्नता र भूमिका बढी हुन्छ। वास्तवमा संघीयताको सबल कार्यान्वयन गरी नागरिकलाई अधिकार सम्पन्न, जिम्मेवार, उत्तरदायी र आवश्यकताको पहिचान र पूर्तिको केन्द्रबिन्दुमा राख्न वित्तीय संघीयता कार्यान्वयनका यी आयामहरु प्रमुख आधारहरु हुन्।

संघीयताको आधारभूत पक्ष र कार्य जिम्मेवारी विभाजन र खर्च व्यवस्थापन हो। संघीयता अवलम्बन गरेका विश्वका सबै देशहरुमा खर्चको जिम्मेवारी कानुनद्वारा स्पष्ट गरिएको हुन्छ। नेपालको सन्दर्भमा नेपालको संविधानमा तीन तहका सरकारहरुको जिम्मेवारी र अधिकार स्पष्ट गरिएको छ। विशेषगरी आर्थिक वित्तीय, प्राविधिक र अन्तर्राष्ट्रिय सम्बन्धसमेतको आधारमा हेर्दा संघ, प्रदेश र स्थानीय तहको कार्यहरुको प्रकृति पनि फरक-फरक रहन्छ। संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार प्रयोगको लागि अलग-अलग आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गरी संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषसमेत तिनै तहको स्रोत परिचालन, कोष व्यवस्थापन, खर्च निकासा पद्धति जाँच परीक्षणलगायतका वित्त व्यवस्था कार्यहरुलाई संवैधानिक प्रत्याभूति प्रदान गरेको छ।

नेपालको संविधानबमोजिम वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारलाई दिएको छ। नेपाल सरकारको स्वीकृतिमा प्रदेशले पनि लिन पाउने व्यवस्था छ। साथै, अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले वैदेशिक सहायता परिचालनका क्षेत्रहरु स्पष्ट तोकेको छ। संघीयताको सफल कार्यान्वयनको महत्वपूर्ण पक्षको रूपमा रहेको वित्तीय संघीयताको कानुनी आधारको रूपमा नेपालको संविधान र अन्य कानुनहरु कार्यान्वयनमा छन् भने केही दुविधाहरुको निराकरणका लागि कानुन बनेर संशोधन हुने प्रक्रियामा रहेका छन्। नेपालको संविधानको धारा ४ अनुसार नेपाल स्वतन्त्र, अभिराज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। धारा ५६ मा राज्यको संरचना संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी ३ तह हुने व्यवस्था छ। त्यस्तै, धारा ५७ मा राज्यशक्तिको बाँडफाँट अनुसूची ५, ६, ७, ८, ९ मा व्यवस्था भए अनुरूप एकल तथा साझा अधिकारहरु संविधान र संघ, प्रदेश र स्थानीय कानुनबमोजिम प्रयोग गर्ने व्यवस्था रहेको छ। धारा ५८ मा अवशिष्ट अधिकारको प्रयोग गर्न संघलाई तोकिएको छ। त्यसैगरी धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति र योजना तयार गर्ने र त्यसको कार्यान्वयनको अधिकारको सुनिश्चितता गरिएको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अन्तर्गत नेपाल सरकार, प्रदेश र स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँट, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न बनेको ऐन हो। यस ऐनका प्रमुख प्रावधानहरुमा राजस्व सम्बन्धी कर, गैरकर तथा रोयल्टी लगाउन सक्ने, गैरकरका आधार निर्धारण गर्ने, एकल कर, गैरकर, मूल्य अभिबृद्धि कर तथा अन्तशुल्क

*संघ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान रकमको कानूनबमोजिम विनियोजन र खर्च हुन सकेको छैन । अन्तर प्रदेश र अन्तर स्थानीय निकायबीच आर्थिक क्रियाकलाप र स्रोत परिचालनमा आपसी समन्वय कायम गर्ने, दोहोरोपना हुन नदिने, स्रोत छरिन नदिने र एक तहको कार्यलाई अर्को तहको कार्यसँग परिपूरक बनाउने वातावरणको विकास गर्न सकिएको छैन । वित्तीय संघीयता कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको क्षमता विकास हुन सकेको छैन ।*

बाँडफाँट, सवारी साधन करको बाँडफाँट र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँट, अनुदान सम्बन्धमा नेपाल सकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान, नेपाल सरकारले सशर्त, समपूरक विशेष अनुदान दिने व्यवस्था रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत यस ऐनले स्थानीय तहलाई घर वा घरले चर्चेको जग्गामा सम्पत्ति कर अन्य जग्गामा भूमिकर लगाउने, भवन, पसल, ग्यारेज, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी बहाल रकममा कर लगाउने, पूँजीगत लगानी वा आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने, बहाल बिटौरी कर लगाउने, पार्किंग शुल्क लगाउने, जडीबुटी, कवाडी र जीवजन्तु संकलन हुने स्थानको स्थानीय तहले यी बस्तुमा कर लगाउन सक्ने अधिकार प्रदान गरेको छ। समपूरक अनुदान कार्यविधि, २०७५, विशेष अनुदान कार्यविधि, २०७५, राष्टिय प्राकृतिक स्रोत तथा वित्त आयोगको स्रोतका बाँडफाँट सम्बन्धी सिफारिसले पनि वित्तीय पक्षलाई प्रभाव पार्दछ।

वित्तीय संघीयता कार्यान्वयनमा तीन वटै तहका व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संसदीय समितिहरु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला संस्थाहरुको भूमिका रहेको छ। साथै, अन्तर सरकारी वित्त परिषद्ले पनि संघ, प्रदेश र स्थानीय तहमा देखिएका समस्याहरुको पहिचान र समाधान गर्ने कार्य गर्दै आएको छ।

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा नेपालको संविधानमा व्यवस्था भएबमोजिम राजस्व बाँडफाँट र वित्त हस्तान्तरणलाई प्रभावकारी बनाई वित्तीय संघीयतालाई सबल बनाइनुका साथै प्रदेश र स्थानीय तहमा समेत आयोजना बैंक र मध्यमकालीन खर्च संरचना सूचना प्रणाली लागु गरी आयोजना विकास र छनौट प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाइने कार्यक्रम राखिएको छ। प्रदेश र स्थाननीय तहमा सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनुका साथै जिल्ला समन्वय समितिको क्षमता विकास गरी प्रदेश र स्थानीय तहमा सञ्चालित योजनाको अनुमगनलाई प्रभावकारी बनाइने नीति लिइएको छ। प्रदेश सरकारले संकलन गरी स्थानीय तहमा बाँडफाँट गर्ने सवारी साधन कर मालपोत कार्यालयले संकलन गरी प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क हरेक महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र तत् तत् तहमा जम्मा गर्नुपर्ने व्यवस्था मिलाइने कार्यक्रम राखिएको छ।

वर्तमान पन्ध्रौं योजना २०७६- २०८१ मा संघीय शासन प्रणालीअन्तर्गत समन्वय, सहयोग र सहकार्यमा आधारित समावशी सघीय शासन प्रणाली अपनाउने सोच राखिएको छ भने संघीय शासन पद्धतिबाट प्राप्त हुने लाभमा सबै नागरिकको समान पहुँच र अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको छ। यसको साथसाथै लोकतन्त्रवाट प्राप्त हुने लाभको समानुपातिक, समावेशी र न्यायोचित वितरणको अवस्था सिर्जना गर्नु, सन्निकटताको सिद्धान्त अनुसार कार्यसम्पादन चने अवस्था सिर्जना गर्नु, स्थानीय तहबाट राजनीतिक एवम प्रशासनिक नेतृत्व विकास गर्ने उद्देश्य राखिएको पाइन्छ।

नेपालको संविधान २०७२ ले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरूको समेत स्पष्ट निर्धारण गरेको छ। यस्तो व्यवस्थाबाट सरकारलाई जनताको नजिक पुर्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जना भएको छ। यसबाट जनतालाई वास्तविक रूपमै सार्वभौमसत्ता सम्पन्न तुल्याई शासनमा उनीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै लोकतन्त्रलाई स्थानीय तहदेखि नै संस्थागत र मजबुत बनाउने अवसर प्राप्त भएको छ। स्थानीय स्वायत्त शासनअन्तर्गत स्थानीय सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहुँच, स्थानीय पूर्वाधार निर्माण, लक्षित वर्ग तथा क्षेत्रको आर्थिक सामाजिक सशक्तीकरण एवम् समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तथा विकास, स्थानीय जीविकोपार्जन एवम् रोजगारी, सामाजिक सुरक्षा र स्थानीय तहमा सञ्चालन गरिने अभियानमूलक रचनात्मक कुराहरूको सुनिश्चितता हुने देखिएको छ।

वित्तीय संघीयताका प्रमुख समस्या तथा चुनौतीहरुमा संविधानका अनुसूचीमा उल्लेखित कार्यहरु सम्पादनका लागि तथा साझा अधिकारको कार्यान्वयन गर्न कानुन निर्माणमा केही ढिलाइले द्विविधा र असहजता ल्याएको छ। संघीयताको कार्यान्वयन भई प्रदेश र स्थानीय तहको सरकारहरु गठन भएको २ वर्ष बितिसकेको छ । हालसम्म पनि प्रदेश र स्थानीय तहको लागि आवश्यक जनशक्ति व्यवस्थापन हुन नसक्दा समयमा बजेट ल्याउने, विकास निर्माण र सामाजिक क्षेत्रका कामहरु यथोचित रूपमा सम्पन्न हुन सकेका छैनन् । स्पष्ट कानुन र दृष्टिकोणको अभावमा प्रदेश र स्थानीय सरकारहरुको जनभावना विपरित कर लगाउने, फिर्ता लिने जस्ता प्रवृत्तिले सरकारप्रतिको विश्वास र भरोसामा केही कमी आउने र अन्त: संघीयताको मर्म र भावना अनुसारको डेलिभरी नहुने चुनौती छ । संघ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान रकमको कानुन बमोजिम विनियोजन र खर्च हुन सकेको छैन । अन्तर प्रदेश र अन्तर स्थानीय निकायबीच आर्थिक क्रियाकलाप र स्रोत परिचालनमा आपसी समन्वय कायम गर्ने, दोहोरोपना हुन नदिने, स्रोत छरिन नदिने र एक तहको कार्यलाई अर्को तहको कार्यसँग परिपूरक बनाउने वातावरणको विकास गर्न सकिएको छैन। वित्तीय संघीयता कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको क्षमता विकास हुन सकेको छैन। तीन तहबाट कार्यान्वयन हुने कार्यक्रमहरु एक अर्कासँग नदोहोरिने र परिपुरक हुने गरी संचालन गर्नुपर्छ। अन्तर प्रदेश परिषद्, अन्तर सरकारी वित्त परिषद र प्रदेश समन्वय परिषद्को भूमिका बढाउँदै अन्तर सरकारी समन्वय र नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्छ। प्रदेश तथा स्थानीय तहको राजस्व क्षमता र सम्भाव्यताको अध्ययन गरी राजस्व परिचालनमा थप सुधार गर्नुपर्छ। प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण कार्यसम्पादन र उपयोगको प्रभावकारिताको आधारमा हुने व्यवस्था मिलाउनुपर्छ। वित्त व्यवस्थापनमा संलग्न निकाय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश, स्थानीय तहहरुको संस्थागत क्षमता विकास गर्नुपर्छ।

***(हाडा, भक्तपुर बहुमुखी क्याम्पसका सह-प्राध्यापक हुन् ।)***

## सामाजिक सञ्जाल



**- रञ्जित तामाङ**

मदन भण्डारीको जनताको बहुदलीय जनवादले कम्युनिष्टलाई लोकतान्त्रिक बाटोमा हिंडायो। यो राम्रो कुरा थियो। तर दुर्भाग्य ! अहिले एमाले मसाल र नेमकिपाको बाटोमा हिँड्दैछ। सत्ता भोग गरिसकेको एमाले ज्यादै नेता केन्द्रीत भयो। नेमकिपा र मसाल होइन, पश्चिम बंगालको नियति भोग्ने निश्चित छ।



**- भीम रावल**

सुन तस्करीमा लाग्नेलाई विमानस्थलकै महत्वपूर्ण जिम्मा, सहकारीमा ठग्ने सहकारी सुधार कार्यदलको सदस्य, अरूसँग साठगाँठ गर्ने सोही देशको राजदूत, वार्ता गर्नेमा नेपालको भन्दा अर्कोको हितमा लाग्नेलाई समावेश र अरूको लागि काम गर्नेलाई राज्यका महत्वपूर्ण ठाउँमा राख्ने नेपालको गम्भीर समस्या हो।



**- सुर्यराज आचार्य**

हामी कहाँ ऐन र नियम तर्जुमा गर्दा आवश्यक गृहकार्य र अनुसन्धान गर्ने प्रचलन छैन । विषयको आधारभूत ज्ञान बिना राज्यका महत्वपूर्ण तहमा रहेका व्यक्ति र समूहको अपुरो बुझाइ र लहडका आधारमा कानुन बन्छन् । अनि कार्यान्वयन फलामको च्युरा बन्छ। अहिले धेरै कानुनहरु यस्तै बनेका छन्।



**- ओमकुमार थापा**

क्विन्टलका क्विन्टल सुन तस्करीमा उच्च राजनीतिक नेतृत्व र कर्मचारीको संलग्नता बिना सम्भव नै छैन। एक क्विन्टल सुन समातिएपछि प्रशस्त समय दिएर ब्रेक सुमा ल्याइएको सुन व्यवस्थापनपछि गरिएको कथित अपरेशनमा सबै ब्रेक सु खोक्रा पाइएका छन् भने अनुमान गर्नुस् तयारी कति योजनाबद्ध छ ? स्टन्ट किन ?

## तपाईको राशिफल

- मेष : राजकीय कार्यमा वृद्धि हुनेछ। धन आर्जन हुने योग छ।
- वृष : नयाँ सम्पर्क बढ्नेछ। जग्गा खरीद हुने योग छ।
- मिथुन : कार्य सफल हुनेछ। पेटसम्बन्धी समस्याको योग छ।
- कर्कट : प्रतिष्ठामा वृद्धि, धार्मिक कार्यमा सहभागिता बढ्नेछ।
- सिंह : दिदी बहिनीहरुको सहयोग पाइनेछ। पराक्रममा वृद्धिको योग छ।
- कन्या : दैनिक सबै कार्यमा सफलता प्राप्त हुन्छ। धार्मिक कार्यमा रुचि बढ्नेछ।
- तुला : पुराना रुकावटहरु समाप्त हुनेछन्। स्वास्थ्य राम्रो रहनेछ।
- वृश्चिक : कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ। पारिवारिक जीवन सुखी रहनेछ।
- धनु : मित्रहरुसँग भेटघाट हुनेछ। मनोबल उच्च रहनेछ।
- मकर : सामाजिक कार्यमा वृद्धि हुनेछ। नाता-गोतासँग भेटघाट हुनेछ।
- कुम्भ : विरोधी सक्रिय रहनेछन् तर, असफल हुन्छन्। यात्रा सफल हुनेछ।
- मीन : प्रभाव र सम्मानमा वृद्धि हुनेछ। वाणी संयम राख्नुहोला।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बाँदर आतंक र सरकार

टिप्पणी



● नारायण गाउँले

*हामी तारे होटलमा बसेर खाद्य सुरक्षाको कुरा गर्छौं, पौष्टिक आहारको कुरा गर्छौं, गाउँमा एउटा निस्तो रोटीले छाक टार्नुपर्छ, त्यो पनि बाँदरसँग बचाएर। सिंहदरबारको राजनीति, हाम्रो चासो र चिन्तासँग गाउँका ती पीडितहरुको कुनै सम्बन्ध छैन ।*

के तपाईंलाई पनि महाबीर पुनको आविष्कार केन्द्रले 'बाँदर धपाउने बन्दुक' बनाएको सुन्दा मन अलिक खल्लो भएको थियो ? छिमेकी भारत मंगलग्रह ताक्दै छ, हाम्रो आविष्कार भने यस्तो छ भन्ने लागेको थियो ? पंक्तिकारलाई भने यस्तो थियो भन्ने लागेको थियो। बीसौं वर्षदेखि बाँदरले हदैसम्म सताएका बस्ती, बाँदर आतंककै कारण तहस-नहस बनेका गाउँ, समाज र जीवनहरू, अनि यसको रोकथाममा निरीह राज्यसंयन्त्र बेकम्मा बनिरहेको लागेको थियो । प्रत्यक्ष नव्यहोर्नेहरूका लागि झट्ट सुन्दा बाँदरले सताउनु सामान्य जस्तो लाग्न सक्छ। तर, गाउँबस्तीहरू कति पीडित छन् र स्थिति कति भयावह छ भन्ने धेरैलाई थाहा नहुन सक्छ । विद्या चापागाईंको पछिल्लो एपिसोड हेर्ने कथा हेर्नुभयो भने थाहा हुनेछ, गाउँ कति पीडामा छ।

सोच्नुस्, तपाईं पहाडी गाउँको बासिन्दा हुनुहुन्छ । अलिकति बारी र खेतबाहेक अर्को जीविकाको स्रोत छैन। यातायात, अस्पताल, कलेज, बजार त छोड्नुहोस्, पानीको स्रोत पनि घण्टौ टाढा छ । आकासे पानीको भरमा जे उब्जिन्छ, त्यही तपाईंको हातमुख जोर्ने साधन हो। पौष्टिक आहार, ब्यालेन्स्ड डाइट, भिटामिनदेखि चाडबाड उपचार खर्च पनि त्यही हो । तर, त्यही बारीमा फल्ने एक दाना फलफूल, एक गेडा गहुँ या एक मुठी साग पनि तपाईंले भित्र्याउन सक्नुभएन भने जीवन कति कष्टकर होला ? एकपटक होइन, वर्षैभरि, अझ बीसौं वर्षदेखि यही अवस्था रह्यो भने के होला ? घण्टौ टाढाबाट बोकेको पानी दिनदिनै कुनै शत्रुले घोप्ट्याइदियो, पकाएर बच्चालाई खुवाउन ठीक्क पारेको रोटी कसैले खोसेर लगिदियो, ऋण खोजेर किनेको चिनी, चामल र फलफूल पनि बट्टैसँग लुटेर लगिदियो र यो क्रम दिनदिनै दशौं वर्षसम्म चल्यो भने के होला ? तपाई कसरी दैनिक गुजारा गर्नुहोला ? कसरी लालाबालालाई खुवाउनुहोला ? कुन पैसाले फाटेको कपडा फेर्नुहोला र बिरामी हुँदा कुन पैसाले उपचार होला ? तपाईंको जीवन कस्तो होला ?

धेरै पहाडी गाउँहरूको अवस्था यस्तै रहेछ । बाँदरकै आतंकले बारीमा एक त्यान्द्रो अन्न उब्जाउन सकिन्न, तरकारी फल्न पाउँदैन, बोटमा फलफूलको दाना अडिन्न, ढुङ्गाको छानो उधिनिदिन्छ, केटाकेटी स्कुल आउँदा जाँदा कापी किताब खोसिदिन्छ, आक्रमण नै गर्ने डर पनि हुन्छ । झोलामा खाजा बोकेर हिँड्न सकिन्न, घर आउँदा पाकेको खानासमेत खान नपाएर भोकै सुत्नुपर्छ। हिजो गहुँ हुन्थ्यो, कोदो हुन्थ्यो, केरा, आँप र अम्बाहरु फल्थे, गाउँ हराभरा थियो । तर, आज त्यस्तो छैन, आज गाउँ उजाड मरुभूमिजस्तो बनेको छ ।

एक दिन होइन, दुई दिन होइन, हरेक दिन यस्तो भएपछि कसरी बाँच्न सकिएला ? पहाडका गाउँहरू यसरी निरीह बनेर, असहाय बनेर रित्तिँदै जाने हो भने, त्यहाँ उत्पादन शून्य बन्दै जाने हो भने देशको अवस्था के होला ? बाँदर नाच्ने जग्गा बिक्ने कुरो भएन, छोडेर जानेहरू कहाँ कसरी बाँचेका होलान् ? आज हजारौं परिवार गाउँ छोडेर विस्थापित भएका छन् । दु:ख र पसिनाले बनाएका घरमा झार उम्रेको छ। तर खासगरी दलित र अति विपन्नहरूसँग गाउँ छोडेर अन्त जाने साधन, उपाय र बाटो पनि छैन । जति गाउँ खाली हुन्छ, त्यति त्यहाँ बस्नेहरूको जीवन कष्टकर बन्दै जाँदो रहेछ। हामी तारे होटलमा बसेर खाद्य सुरक्षाको कुरा गर्छौं, पौष्टिक आहारको कुरा गर्छौं, गाउँमा एउटा निस्तो रोटीले छाक टार्नुपर्छ, त्यो पनि बाँदरसँग बचाएर । सिंहदरबारको राजनीति, हाम्रो चासो र चिन्तासँग गाउँका ती पीडितहरूको कुनै सम्बन्ध छैन । हामी रवि लामिछानेको नागरिकतामा छ महिना बिताउन सक्छौं, एक क्विन्टल सुनमा अर्को छ महिना बित्छ। संसद पनि यिनै मुद्दामा कहिले भाषण गर्छ, कहिले हड्ताल गर्छ।

महाबीरहरू माटोबाट उठेका हुन्, माटोको समस्या, घाउ र चित्कार तिनले सुन्न सक्ने रहेछन्। दुनियाँले खिसिट्युरी गरेपनि तिनले त्यही घाउको उपचार कसरी हुन्छ भन्ने पहिले सोच्ने रहेछन्। मुटुभित्र नघोची यो कुरो बुझिन्न, महाबीरलाई बुझिन्न ।

**मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.**

# बंगलादेशमा विशाल विरोध प्रदर्शन

**काठमाडौं/एजेन्सी–** बंगलादेशको राजधानी ढाकामा विशाल विरोध प्रदर्शन भएको छ। परिस्थितिलाई नियन्त्रणमा लिन र शान्तिसुव्यवस्था कायम गर्न सुरक्षाकर्मीलाई हम्मेहम्मे परेको थियो।

राजधानीका मुख्य सडकमा उत्रेका प्रदर्शनकारीले धानमन्त्रीको राजीनामा माग्दै यातायात सेवा ठप्प पारेका थिए भने प्रहरीमाथि ढुंगामुढा गरेका थिए। प्रहरीले आफूहरूमाथि ढुंगामुढा भएपछि भीडलाई तितरबितर गर्न रबरको गोली र अश्रुग्यास प्रहार गरेको थियो।

विपक्षी बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) र उसका सहयोगीहरूले गत वर्षदेखि शेख हसिनाको राजीनामा र



आगामी जनवरीमा हुने निर्वाचनसम्म कामचलाउ सरकार गठन हुनुपर्ने माग गर्दै शृंखलाबद्ध विरोध प्रदर्शन गरेका छन्। शहरका प्रमुख नाकाहरूमा सवारी आवागमन अवरुद्ध गर्न शनिबार बिहान भेला भएका हजारौंलाई हटाउन प्रहरी लागेपछि धेरै स्थानहरूमा दोहोरो झडप भएका छन्। केही प्रहरी अधिकारी घाइते भएको ढाका महानगरीय प्रहरीका प्रवक्ता फारुक अहमदले एएफपीलाई बताएका छन्। उनले स्थितिलाई नियन्त्रणमा लिन अश्रुग्यास र रबरका गोली प्रहार गरिएको बताएका छन्। ढाका शहर वरपरका चार स्थानमा प्रदर्शनकारी र प्रहरीबीच झडप भएको छ।

# सुरक्षा परिषद्द्वारा नाइजर सैन्य विद्रोहको निन्दा

**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले पश्चिम अफ्रिकी मुलुक नाइजरमा बुधबार राति भएको सैनिक विद्रोहको निन्दा गर्दै राष्ट्रपति मोहम्मद बाजुमलाई निःसर्त रिहा गर्न आह्वान गरेको छ।

परिषद्का सदस्य राष्ट्रको आजको बैठकले राष्ट्रपति बाजुमका परिवारका सदस्य र उहाँको सरकारका सदस्यको सुरक्षा गर्नुपर्नेमा जोड दिएको छ। असंवैधानिक ढंगले भएको सरकार परिवर्तनको नकारात्मक प्रभावले आतंककारी गतिविधिमा वृद्धिका साथै बिग्रको सामाजिक आर्थिक अवस्थाप्रति बैठकले चिन्ता व्यक्त गरेको छ।

बैठकले संवैधानिक व्यवस्थाको पुनर्स्थापनामा जोड दिँदै अफ्रिकी देशको आर्थिक समुदाय, अफ्रिकी संघ र संयुक्त राष्ट्रसंघद्वारा गरिएका प्रयासप्रति समर्थन जनाएको छ। परिषद्का सदस्य राष्ट्रले नाइजरका जनताप्रति ऐक्यबद्धता जनाउँदै उनीहरूको सुरक्षा र समृद्धिको कामना गरेका छन्।

नाइजर सेनाको एक टोलीले राष्ट्रिय टेलिभिजनबाट विद्रोहको घोषणा गर्दै राष्ट्रपतिलाई अपदस्त गरेको दाबी गरेको छ। सैन्य टोलीले राष्ट्रपति मोहम्मद बाजुमलाई बुधबार बिहानैदेखि सेनाले नियन्त्रणमा लिएको छ भने देशको संविधान विघटनका साथै सबै संस्था निलम्बन गरिएको घोषणा




पनि गरेको छ।

यसैबीच फ्रान्सेली विदेशमन्त्रीले सैनिक घेरामा राष्ट्रपति निवासमा रहेका राष्ट्रपति बाजुमसँग राष्ट्रपति इम्यानुएल म्याक्रोँले टेलिफोन वार्ता गरेको जानकारी दिँदै बन्दी बनाइएका राष्ट्रपति स्वस्थ रहेको बताएका छन्। 'नाइजरक राष्ट्रपतिसँग सम्पर्क कायम गर्न सकिन्छ, उहाँ अगम्य हुनुहुन्न,' उनले भनेका छन्।

अफ्रिकी तथा अन्य अन्तर्राष्ट्रिय संस्था, नाइजरका सहयोगी जर्मनी संयुक्त राज्य अमेरिका, युरोपेली संघ, फ्रान्सलगायत देशका साथै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सैन्य विद्रोहको निन्दा गर्दै राष्ट्रपति बाजुमलाई अविलम्ब रिहा गर्न आह्वान गरेका छन्।

सैनिक घेरामा रहेका नाइजरका राष्ट्रपति मोहम्मद बाजुमले ठूलो संघर्षबाट प्राप्त लोकतन्त्रलाई जोगाउने प्रतिबद्धता व्यक्त गरेका छन्। सामाजिक सञ्जालमार्फत उनले प्रजातन्त्र र स्वतन्त्रताका पक्षधर सबै नाइजसवासी आफ्नो पक्षमा रहेको बताएका छन्। उनले लोकतन्त्रका निम्ति साहसपूर्वक लड्ने दृढता पनि व्यक्त गरेका छन्।

नाइजरका विदेश मन्त्री हसौमी मसुदुउले देशको वैध शक्ति निर्वाचित राष्ट्रपति भएकाले विद्रोहमा उत्रेका सबै सिपाहीलाई काममा फर्कन र वार्ताका माध्यमबाट समस्याको निकास खोज्नुपर्नेमा जोड दिएका छन्। उनले गणतन्त्रको विपक्षमा जान नसकिने पनि स्पष्ट गरेका छन्।

भूपरिवेष्टित राष्ट्र नाइजर विश्वकै निर्धनतम राष्ट्रमध्येको एक हो। सन् १९६० मा फ्रान्सबाट स्वतन्त्र भएपछि चारपटक यस्ता विद्रोह भइसकेका छन्। राष्ट्रपति बाजुमविरुद्ध पनि दुई पटक विद्रोह भएको छ।

# भारतमा बाघको संख्या तीन हजार छ सय बढी



**काठमाडौं/एजेन्सी–** लोपोन्मुख प्रजातिका बाघको संरक्षण प्रयासको पुष्टि गर्दै शनिबार सार्वजनिक गरिएको नयाँ सरकारी तथ्यांकअनुसार भारतमा बाघको सङ्ख्या तीन हजार छ सय नाघेको अनुमान गरिएको छ।

कुनै बेला मध्य, पूर्वी र दक्षिणी एसियामा बाघको अत्यधिक चहलपहल हुने गर्दथ्यो तर पछिल्लो शताब्दीमा बाघले आफ्नो ऐतिहासिक दायराको करिब ९५ प्रतिशत हिस्सा गुमाइसकेको छ। भारतमा हाल विश्वका ७५ प्रतिशत बाघ रहेका छन् र क्यामेरामा आधारित सर्वेक्षणपछि अप्रिलमा बाघको संख्या बढेर तीन हजार १ सय ६७ पुगेको भारतले घोषणा गरेको छ।

वाइल्डलाइफ इन्स्टिच्युट अफ इन्डियाले गरेको सोही सर्वेक्षणको तथ्यांकलाई थप विश्लेषण गर्दा देशभर बाघको औसत संख्या तीन हजार ६८२ रहेको अनुमान गरिएको सरकारले जनाएको छ।

यो आँकडाले वार्षिक ६.१ प्रतिशतको प्रशंसनीय वार्षिक वृद्धिदर लाई प्रतिबिम्बित गरेको छ। बाघको वासस्थान र करिडोरको संरक्षणका लागि निरन्तर प्रयासहरू भारतको आगामी पुस्ताका लागि बाघ र उनीहरूको पारिस्थितिकीय प्रणालीको भविष्य सुरक्षित गर्न महत्वपूर्ण छन्।

सन् १९४७ मा बेलायतबाट स्वतन्त्र हुँदा भारतमा बाघको संख्या करिब ४० हजार रहेको अनुमान गरिएको थियो। त्यसपछिका दशकहरूमा यो संख्या घटेर सन् २००२ मा तीन हजार ७ सय मा झरेको थियो र त्यसको चार वर्षपछि यो संख्या एक हजार ४ सय ११ मा झरेको थियो।

वन फँडानी, चोरी सिकारी र बासस्थानमाथिको मानवीय अतिक्रमणले एसियाभरि बाघको संख्यालाई तहसनहस पारेको छ। 'जनसहभागिता' र देशको 'संरक्षणको संस्कृति'को कारण भारतले बाघको संख्या बढाउन सफल भएको प्रधानमन्त्री नरेन्द्र मोदीले गत अप्रिलमा बताएका थिए।

# फाँसीको प्रावधान हटाउन राष्ट्रसंघको आग्रह




**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघले सिंगापुर र कुवेतमा हालै गरिएको मृत्युदण्डको निन्दा गर्दै मृत्युदण्डको सजायको प्रावधानमा रोक लगाउन ती राष्ट्रहरूलाई आह्वान गरेको छ। सिंगापुरमा लागूऔषध ओसारपसारको आरोपमा ४५ वर्षीय एक नागरिकलाई शुक्रबार फाँसी दिइएको छ।

कुवेतमा सन् २०१५ मा इस्लामिक स्टेट जिहादी समूहले गरेको आत्मघाती आक्रमणमा संलग्न रहेको अभियोगमा दोषी ठहर भएका पाँच जनालाई बिहीबार मृत्युदण्ड दिइएको थियो।

गत वर्षको नोभेम्बरमा सात जनालाई मृत्युदण्ड दिइए यता साउदी अरबको छिमेकी खाडी मुलुक कुवेतमा बिहीबार दिइएको मृत्युदण्ड पहिलो हो। साउदी अरबको तुलनामा कवेतमा मृत्युदण्डको सजाय दुर्लभ मानिन्छ।

संयुक्त राष्ट्रसंघीय मानव अधिकार कार्यालयका प्रवक्ता सेइफ मगान्गोले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामी कुवेत र सिंगापुरमा यस साता दिइएका मृत्युदण्डको निन्दा गर्दछौं र कुनै पनि अवस्थामा हुने मृत्युदण्डको विरोध गर्दछौं। हामी कुवेत र सिंगापुरलाई तत्काल मृत्युदण्डमा रोक लगाउन र मृत्युदण्डमा रोक लगाउने १७० भन्दा बढी राज्यमा सामेल हुन आग्रह गर्दछौं।'

# जलवायु संकटबारे आवश्यक सहमति बनाउन नेताहरू असफल

**काठमाडौं/एजेन्सी–** जी-२० राष्ट्रका वातावरण मन्त्रीहरूको शुक्रबार भारतमा सम्पन्न बैठकमा सन् २०२५ सम्ममा विश्वव्यापी उत्सर्जन नियन्त्रण गर्न र अन्य महत्वपूर्ण वातावरणीय विषयमा सहमति जनाउन नसकेको यसमा सहभागी फ्रान्सका प्रतिनिधिले बताएका छन्।

यस वर्षको कोप २८ जलवायु वार्ताअघि धेरै प्रमुख बुँदाहरूमा कुनै सफलता सम्भव थिएन तर वार्ताहरू नवीकरणीय ऊर्जाको प्रयोगमा व्यापक वृद्धि गर्ने सहमतिमा पनि पुग्न असफल भएका छन्।

बैठकपछि फ्रान्सका पर्यावरण संक्रमणमामिला हेर्ने मन्त्री क्रिस्टोफ बेचुले एएफपीसँग भने, 'म निकै निराश छु। हामी तीव्र नवीकरणीय ऊर्जा बढाउने सम्झौतामा पुग्न सक्षम भएका छैनौं, हामी जीवाश्म ईन्धन, विशेष गरी कोइलालाई चरणबद्ध रूपमा हटाउने वा घटाउने सम्झौतामा पुग्न सक्षम छैनौं। तापमान, विपत्ति, विशाल डढेलोको रेकर्ड, र हामी २०२५ द्वारा उत्सर्जन (को) चरम (को) मा एक सम्झौतामा पुग्न सक्षम भएका छैनौं।' चीन, साउदी अरब र रुससँग जलवायुसम्बन्धी विषयमा भएको छलफल 'जटिल' भएको उनले बताए।

विश्वको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) र कार्बनडाइअक्साइड उत्सर्जनको ८० प्रतिशतभन्दा बढी प्रतिनिधित्व गर्ने समूहका ऊर्जा मन्त्रीहरूले विश्वव्यापी ऊर्जा मिश्रणबाट जीवाश्म ईन्धन कटौती गर्ने रोडम्यापमा सहमति जनाउन असफल भएको केही दिनपछि चेन्नई बैठक हुन लागेको हो।

जलवायु विज्ञहरूले बाढी, आँधीबेहरी र गर्मीका कारण विश्वव्यापी तापक्रम मापनलाई जिम्मेवार ठहऱ्याइरहेका बेला यसलाई न्यूनीकरणका प्रयासहरूमा धक्काको रूपमा हेरिएको थियो। रूस र साउदी अरबजस्ता केही प्रमुख तेल उत्पादकलाई प्रगति हुन नसक्नुमा दोष लगाइएको थियो।

यस वर्षको कोप २८ जलवायु वार्ताका प्रमुख कार्यकारी अदनान अमिनले एएफपीसँग भने, 'शुक्रबारको सम्मेलनमा उपस्थित सबैले विश्वले सामना गरिरहेको संकटको गम्भीरतालाई बुझेका छन्। तर त्यहाँ एक प्रकारको राजनीतिक समझदारी छ जुन अझै पनि हासिल गर्न आवश्यक छ भन्ने मलाई लाग्छ।'

अमिनले जीवाश्म ईन्धनमा ठोस प्रतिबद्धता जनाउनु अघि 'राष्ट्रिय हित' का प्रश्नहरू अझै पनि समाधान गर्न बाँकी रहेको स्पष्ट भएको बताए। उनले थपे, 'यो स्पष्ट छ र विश्वका हरेक देशले आफ्नो तात्कालिक स्वार्थलाई हेरेर यस विषयको समाधानका लागि काम गर्न शुरु गर्नेछन्।'

अधिकांश प्रतिनिधिमण्डलको नेतृत्व वातावरण र जलवायु परिवर्तन मन्त्रीहरूले गरेका थिए भने अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व जलवायुसम्बन्धी विशेष राष्ट्रपतिका दूत जोन केरीले गरेका थिए।

वार्तामा संयुक्त अरब इमिरेट्स (यूएई) मा नोभेम्बरको अन्त्यमा शुरु हुने कोप-२८ वार्ताको नेतृत्व गर्ने इमिरेट्सका तेल प्रमुख सुल्तान अल जाबेर पनि सहभागी भएका थिए।

अबुधाबी नेशनल आयल कम्पनीको प्रमुखको रूपमा उनको स्पष्ट स्वार्थको टकरावको लागि उनको कडा आलोचना गरिएको छ। किनभने जीवाश्म ईन्धन प्रयोग ग्लोबल वार्मिंगको मुख्य चालक हो।

# ईयूले हानिकारक रसायन प्रयोग गरिने खेलौनामा प्रतिबन्ध लगाउने

**काठमाडौं/एजेन्सी–** युरोपेली संघ (ईयू)ले आयातित खेलौनाहरूमा प्रयोग गरिने हानिकारक रसायनहरूमाथि प्रतिबन्ध लगाउने तयारी गरेको छ। युरोपेली संघ (ईयू)ले युरोपेली आयोगले शुक्रबार प्रस्ताव गरेको नयाँ नियमअन्तर्गत आयातित खेलौनाहरूमा बालबालिकाका लागि असुरक्षित मानिएका (विशेष गरी वृद्धि हार्मोनलाई अवरोध गर्ने) रसायनहरूमा प्रतिबन्ध लगाउने गृहकार्य थालेको हो।

युरोपेली संघ (ईयू) मा आयात हुने खेलौनाको सबैभन्दा ठूलो उत्पादक चीन हो र सन् २०२१ मा ल्याइएका खेलौनाको मूल्यको ८३ प्रतिशत हिस्सा ओगटेको ईयूको आधिकारिक तथ्यांक निकाय युरोस्टाटले जनाएको छ।

ईयूका आन्तरिक बजार आयुक्त थियरी ब्रेटनले भने, 'विशेष गरी ईयू सीमाहरूमा असुरक्षित खेलौनाहरू अझ सजिलै पत्ता लगाउन अनुमति दिने डिजिटल प्रविधि प्रवर्तनलाई बढावा दिइनेछ।'

आयोगको प्रस्तावित खेलौना सुरक्षा नियमनले सन् २००९ देखि ईयूको विद्यमान कानूनमा रहेका छिद्रहरूलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ जसले २७ राष्ट्रको समूहमा बिक्री हुने खेलौनाहरूमा सुरक्षा मापदण्डहरू निर्धारण गर्दछ। यसले अनलाइन बिक्रीलाई राम्रोसँग सम्बोधन गर्न नियमहरू अद्यावधिक गर्न खोज्छ।

आयोगद्वारा जारी विज्ञप्तिमा ईयूमा खरिद गरिएका खेलौनाहरू 'पहिले नै विश्वकै सबैभन्दा सुरक्षित खेलौनाहरूमध्ये एक' रहेको उल्लेख गरिएको छ। विशेष गरी आयातित खेलौनाहरूलाई ध्यानमा राख्दै यसले अझै धेरै गर्न आवश्यक छ। 'ईयूमा अझै पनि विशेष गरी असुरक्षित अनलाइन खेलौनाहरूको उच्च संख्या छ।

प्रस्तावित संशोधनमा खेलौनाहरूमा 'अन्तःस्रावी प्रणालीलाई असर गर्ने रसायनहरू, र श्वसन प्रणालीलाई असर गर्ने वा कुनै विशेष अंगको लागि विषाक्त हुने रसायनहरू' समावेश गरिएको छ।

अन्तःस्रावी प्रणालीमा हर्मोन उत्पादन गर्ने ग्रन्थीहरू हुन्छन्। यसले बच्चाहरूमा सामान्य गतिविधिमा बाधा पुऱ्याउने रसायनहरूको वृद्धि, थाइराइडको घटबढ र यौवन विकाससम्बन्धी अंगलाई असर गर्न सक्छ, र मधुमेह वा मोटोपनमा योगदान पुऱ्याउँछ।

ईयूमामा बिक्री हुने सबै खेलौनासुरक्षित छन् भन्ने सुनिश्चित गर्न कमिसनले आयातकर्तालाई 'डिजिटल प्रोडक्ट पासपोर्ट' खरिद गर्नुपर्ने सुझाव दिएको छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०४/१४**

**सोल अफ नेपाल मुभिज प्रा.लि.** को मिति २०८०/०३/०१ गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **वायन फिल्म्स प्रा.लि. (प्रा.लि. नं.: ३०२२६०)** कायम गर्ने गरी मिति २०८०/०४/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

**(सूचना प्रकाशित मिति : २०८०/०४/१४)**

गणपति तिमल्सिनाको नाति, मेग प्रसाद तिमल्सिनाको छोरा काभ्रेपलान्चोक जिल्ला ढुंखर्क गा.वि.स वडा नं. ६ परिवर्तित ऐ. जिल्ला बेथानचोक गा.पा. वडा नं. २ ढुंखर्क घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १७ ग्वार्को बस्ने श्री बुद्धराज तिमल्सिना, सदस्य नं. ००३०००४१० को मिति २०७९/१२/०४ गते मृत्यु भएकोले निजको नाममा यस बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि. ग्वार्को सेवा केन्द्रमा रहेको दैनिक बचत खाता नं. ००३११०००३४३ र मासिक बचत खाता नं. ००३१००००३५३ को खातामा मौज्दात रहेको बचत रकम भुक्तानी पाउँ भनी बुद्धराज तिमल्सिनाको पत्नी गीता कुमारी दहालले यस सहकारीमा निवेदन दिनु भएको र निज बुद्धराज तिमल्सिनाले यस सहकारीमा बचत गर्दा भरेको व्यक्तिगत खाता खोल्ने आवेदन फाराममा इच्छाएको व्यक्तिमा भवानी तिमल्सिना उल्लेख गर्नु भएको तथा सदस्य बन्ने क्रममा सदस्य आवेदन पत्र भर्दा मनोनित हकवाला भवानी तिमल्सिना उल्लेख गर्नु भएको हुँदा निज हकवाला र ईच्छाएको व्यक्ति लगायत अन्य कोही कसैको उक्त बचत उपर हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजात सहित यस सहकारीको ग्वार्को सेवा केन्द्र, ललितपुरमा वा मुख्य कार्यालय जि. भक्तपुर, सुर्यविनायक न.पा वडा नं. २ मा हकदावी गर्न आउनु होला। म्याद भित्र कसैको हकदावी नपरेमा वा रित नपुऱ्याई निवेदन गरेमा सो उपर कुनै कारवाही नहुने तथा उक्त बचत रकम कानून बमोजिम भैजाने व्यहोरा यसै सुचना मार्फत जानकारी गराउँदछौं।

**बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि., जि. भक्तपुर, सूर्यविनायक न.पा. वडा नं. २ ग्वार्को सेवा केन्द्र, जि. ललितपुर, ललितपुर म.न.पा. वडा नं. १७**

*"Let's Promote GoodWeave against Child Labour"*

## Vacancy Announcement

goodweave

Nepal GoodWeave Foundation (NGF) is an active member of GoodWeave International having country affiliates in Nepal, India, UK, USA, Germany and Afghanistan. GoodWeave is a global non-profit initiative working in the sector of child labor and for socially ethical production practices in the carpet industries offering the associated children and families with appropriate Preventive, Rehabilitation & Education Programs and Vocational Training Opportunities. NGF invites applications from interested and qualified Nepali citizens for the vacant position of Admin & Account Officer.

**REQUIRED QUALIFICATIONS**
- Bachelor's degree in management, business studies/ administration, accounts, or relevant field.
- At least two years' experience in a similar position.
- Prior experience of working with I/NGO will be an added advantage.
- Computer software competencies including knowledge of MS Office (MS Outlook, MS Word, MS Excel, MS PowerPoint).
- Fluency in English and Nepali language both in writing and oral communication.

**MAJOR RESPONSIBILITIES**
- Get approval of programme /project from concerned government authorities and coordinate for monitoring from them
- Prepare Plans & Budget, monitor, analyze and perform accordingly
- Verify expenditure Statement & Vouchers.
- Prepare periodic reports within the timeline and as required.
- Liaise with Auditors, Govt. Authorities and Partner organizations.
- Ensure timely organizational renewals and periodic reporting to concerned authority of the government.
- Ensure implementation of financial policies and standards.
- Maintain an updated system by ensuring record of accounting entries on timely basis.
- Prepare and provide contents for website and other social media. Ensure timely dissemination of the information for uploading and updating.
- Organize meetings, send notice, keep meeting minute record and disseminate information.
- Responsibility for overall communication to GWI, NGF Board and all the staffs on behalf of NGF and informing chairperson and General secretary in all the written communications.
- Act as an overall in-charge of admin and accounts department.
- Mandatory preparation of monthly work plan, monthly work sheet and quarterly report.
- Collecting monthly worksheets, work plans and quarterly report duly signed by respective authorities in print form and maintain proper documentation.
- Conduct monthly review meeting at the beginning of every month.
- Shall abide by the rules, regulations, decisions and code of conduct, etc of NGF

**APPLICATION PROCESS**

Qualified Interested candidates meeting the above requirements are requested to send their application along with a curriculum vitae and cover letter mentioning two reference and expected gross salary by 8th August 2023 to the email address mentioned below:
Email: goodweavenepal@gmail.com
Only short-listed candidates will be contacted for further screening process. Nepal GoodWeave Foundation reserves all rights to qualify/disqualify applications in any case. Telephone enquiries will not be entertained.

## मलेसियामा रोजगार

१. कम्पनीः BEE KONG RESOURCES SDN BHD
शहरः JOHOR

पुर्व स्वीकृत मितिः २०८०/०३/०४ चलानी नं.: ६०२०३४३४ LT. No.: 288109 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या |  | न्यूनतम योग्यता | मासिक तलब |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला |  | RM | ने. रु. |  |  |  |  |  |  |  |
| 1. | Construction Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

२. कम्पनीः RESQ FORCE SDN BHD शहरः Malaysia,KUALALUMPUR

पूर्व स्वीकृत मितिः २०७९/०८/१५ चलानी नं.: ६०१९२५७४ LT. No.: 276916 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या |  | न्यूनतम योग्यता | मासिक तलब |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला |  | RM | ने. रु. |  |  |  |  |  |  |  |
| 1. | Security Guard | 4 | 0 | स. काममा दक्ष | 1500 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

३ कम्पनीः SULAIMAN SHARIFF SERVICES SDN. BHD. शहरः Malaysia,SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/१०/१० चलानी नं.: ६०१९५६०० LT. No.: 279959 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या |  | न्यूनतम योग्यता | मासिक तलब |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला |  | RM | ने. रु. |  |  |  |  |  |  |  |
| 1. | Security Guard | 124 | 0 | स. काममा दक्ष | 1500 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २० गते (5 Aug 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gov. Lic. No. 1048/073/74

**C.D. Human Resources Pvt. Ltd.**

Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

**Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073**

मध्यान्ह
www.madhyanhadaily.com
१४ साउन २०८०, आइतबार
30 July 2023, Sunday

## बक्स अफिस समाचार

# 'यो अन्त्यहिन यात्रा हो'

**चलचित्र र दर्जन बढी म्युजिक भिडियोमा देखिएकी नायिका सारिका घिमिरे पछिल्लो दिनमा चलचित्रमा भन्दा पनि गायन र म्युजिक भिडियोमा व्यस्त हुन थालेकी छन्। गायन र अभिनय दुवै क्षेत्रलाई सँगै अघि बढाइरहेकी सारिकाले हालै 'कलियुगकी राधा' सार्वजनिक गरेकी छन्। सारिकाको आफ्नै शब्द, स्वर र अभिनय रहेको गीतको संगीतकार तथा संगीत संयोजन योगेश काजी शाह हुन्। सारिकालाई 'हेल्लो मलाई मिस कल हान्ने हुआर यू', 'ऐंसेलुको पात' गीतले स्रोता र दर्शकमाझ अत्यधिक चर्चामा ल्याएको थियो। सारिकाको 'मोहनी' नामक एउटैमात्र एल्बम बजारमा आएको भएपनि फुटकर गीत भने थुप्रै स्रोता रुचीका छन्। गीत संगीतको औपचारिक शिक्षा लिएर सांगीतिक क्षेत्रमा प्रवेश गरेकी उनको स्वरमा मिठास रहेको छ। सारिकाले साहित्यकार झमक कुमारी घिमिरेको कृतिमा आधारित चलचित्र 'जीवन फूल कि काँडा'मा समेत अभिनय गरेकी छन्। नृत्यमा समेत पारंगत सारिका घिमिरेसँग मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठले गरेको कुराकानीको सम्पादित अंश :**



**नयाँ के ल्याउँदै हुनुहुन्छ ?**

समय भएसम्म दर्शक, स्रोताका लागि केही न केही नयाँ ल्याइराखौं भन्ने हुन्छ। तर सोचेजस्तो कहाँ हुन्छ र, गीत बनाएरमात्र भएन भिडियो अनिवार्य भइसक्यो। सुन्ने गीतको भन्दा पनि हेर्ने गीतको माग बढेका कारण शुक्रबारमात्र 'कलियुगकी राधा' सार्वजनिक गरेका छौं। एउटा कलाकारको चाहना हुन्छ जहिले पनि आफ्ना स्रोता, दर्शकहरुको सामिप्यतामा रहिरहुँ, विविध कारणले गर्दा सोचेजस्तो हुँदैन। गीत त बनाइयो गीतमात्र बनाएर पूर्ण हुने अवस्था रहेन भिडियो पनि बनाउनै पर्‍यो। आर्थिकको कुरा आउँछ, गीत संगीत महँगो बनिरहेको अवस्था छ। र, पनि आफ्ना स्रोता, दर्शकका लागि नवीनतम खुराक ल्याइरहन प्रयास जारी छ।

**कलाकारिता क्षेत्रमा नयाा हुँदाको समयलाई कसरी सम्झनु हुन्छ ?**

ति दिनहरु सम्झँदा कहाली लाग्छ किन म यो क्षेत्रमा लागें भनेर। तर पनि संघर्ष गर्न छाडिनँ। साथ र सहयोग गर्ने कोही थिएन। तर मेरी आमा र घर परिवारको साथ, सहयोग र हौसलाले आज यो क्षेत्रमा टिकिरहेकी छु। कुनै पनि क्षेत्रमा स्थापित हुन सजिलो कहाँ छ र आफूलाई यही क्षेत्रमा केही गर्नु थियो, अगाडि बढ्नु थियो, प्रयास जारी राखें, अझ पनि संघर्ष गरिरहेको छु।

**कला क्षेत्रमा किन लाग्नुभयो ?**

सानैदेखि कलाप्रति मेरो रुची थियो। स्कुले जीवनमा पनि विभिन्न सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउँथें। मेरो प्रस्तुति देखेर स्कुलका सर, मिसहरुले पनि राम्रो मानेर कलाकारिता क्षेत्रमा यसले केही गर्न सक्छ भनेर हौसला दिनु हुन्थ्यो। त्यसैको प्रतिफल हो यो।

**कति गीत गाउनुभयो ? कति भिडियोमा मोडलिङ गर्नुभयो र कुनले परिचय दिलायो ?**

चलचित्रबाट मेरो अभिनय यात्राको शुरुवात भएपनि म्युजिक भिडियोले परिचय दिलायो। चलचित्र केही प्रदर्शनमा आएन, आएका पनि केही सफल भएनन्। तीन दर्जन बढी गीत गाएकी छु, सोहीअनुसारको म्युजिक भिडियो सार्वजनिक भइसकेको छ। भिडियो युट्युब, टिकटक र अन्य सामाजिक सञ्जालका कारण सजिलै आम मानिसको हात, हातमा पुग्ने भएका कारण मैले गाएको गीत र मैले अभिनय गरेको भिडियोले यो पचिरय दिलाएको हो।

**अभिनय र गायन कुन सजिलो ?**

मैले गरेको काम तपाईंलाई सजिलो लाग्छ, तपाईंले गरेको काम मलाई सजिलो लाग्छ। तर काम कुनै पनि सजिलो हुँदैन। गायन र अभिनय दुवै काम आफ्नो क्षमतामा निर्भर गर्छ। अभिनय त निर्देशकको निर्देशन र पात्रको भूमिकाअनुसार गर्ने हो। तर स्वर नै छैन भने गीत त बेसुरा हुन्छ नि। कुरा बुझ्नु भयो होला।

**यी विधामा प्रशिक्षण लिएर आउनु भएको हो ?**

शुरुमा रहरले लहलहैमा लागि त हालें। स्कुले जीवनमा साथीभाइको उक्साहट र सर, मिसको हौसलाको अहंम पनि ममा थियो। तर वास्तवमा उक्साहट र हौसलाभन्दा पनि आफ्नो रुचीको विषयमा प्रशिक्षणको आवश्यक बढी हुँदो रहेछ। प्रशिक्षण लिएर नै अगाडि बढेकी हुँ।

**एकै पटक दुई डुंगाको यात्रा गर्दा गन्तव्यमा पुगिन्न भन्छन् नि ?**

हो, तर मैले चलचित्रमा काम गर्दा सोचेकोजस्तो सफलता पाउन सकिनँ। सायद म अभिनयका लागि परिपक्व थिइनँ कि भन्ने महसुस गरें। जब गायनमा हात हालें एक पछि अर्को सफलता मिल्दै गयो। म आफैं पनि थुप्रै चलचित्रमा अभिनय गरिसकेको भएकाले आफ्नो गीतमा आफैं अभिनय गर्न थालें। जस्तो उदाहरणका लागि 'ऐंसेलुको पात', 'हेल्लो मायाको सुगन्ध'लगायतका गीतहरुलाई लिन सकिन्छ जुन अत्यधिक चर्चामा रहे। दुवै विधामा सन्तुलन मिलाएर अघि बढ्ने कोसिस भने जारी छ।

**फिल्ममा पनि काम गर्नुभयो, निरन्तरता दिनुभएन, अफर नआएर हो ?**

केही चलचित्रमा काम गरें। जति पनि चलचित्रमा काम गरियो चित्तबुझ्दो प्ररिणाम आएन। अफर नआएको होइन चाहिनेभन्दा बढी अफर आउने, काम बिनाको कुरामात्र हुने देखेपछि मोडलिङ र गायनलाई अंगाल्न थालें। पछिको प्ररिणाम त देखि नै रहनुभएको छ आजको यो सफलता।

**गीत संगीत, अभिनयबाहेक फुर्सदमा के गर्न रुचाउनु हुन्छ ?**

आफ्नै रेकर्डिङ स्टुडियो पनि भएकाले गीतसंगीतबाट फुर्सद त हुँदैन, यदि भइहाले पनि स्टुडियोमा नै व्यस्त भइन्छ। नयाँ केही गरौं भन्ने सोच त नआउने होइन, तर सोचमै सीमित छ।

**एकदमै न्यून संख्याका गीतलेमात्र युट्युबमार्फत लगानी सुरक्षित गर्ने गर्छ, के गीतसंगीत टिकटकमा सीमित भएको हो ?**

युट्युबमा आएका सबै गीतले सफलता पाउँदैनन्। केहीले राम्रै चर्चासँगै आर्थिक हिसाबले पनि राम्रै कमाइ गरेको पाइन्छ। जहाँसम्म टिकटकको कुरा छ, यसबाट गीतको प्रमोशनमा सहयोग भने पुगेको छ।

**डिजिटल प्लेटफर्मले मात्र लगानी उठाउन सकिन्न, अबको विकल्प के हुन सक्छ ?**

गीतमात्र गाएर भएन भिडियो अनिवार्य भइसक्यो। म्युजिक भिडियोको पारिश्रमिक सिस्टम अव्यवहारिक छ। चलेकै निर्देशक, कलाकार लिनु पर्‍यो। कलाकार चलेको भएर के गर्नु कतिपय चलेका कलाकारले काम गरेको भिडियो चल्दैन। महँगो लगानी परेको हुन्छ गीत रेकर्डिङदेखि भिडियो निर्माणसम्म। प्रविधिको विकाससँगै चल्नु त पर्छ नै तर त्यसको मात्र भरले केही हुनेवाला छैन। देश, विदेशमा हुने सांस्कृतिक कार्यक्रमहरु र स्टेज प्रोग्रामलाई पनि विकल्प बनाउन सकिन्छ।

**सिडी क्यासेटको माध्यमबाट व्यापार हुने नेपाली गीतसंगीत डिजिटल बजारमा भित्रेपछिको अवस्थालाई कसरी लिनुभएको छ ?**

समय परिवर्तनसँगै चल्न सक्नुपर्छ। हिजो क्यासेट सिडीको समय थियो, आज चिप्स, पेनड्राइभ हुँदै युट्युब, टिकटकको जमना छ। यो समयको माग भएकाले सकारात्मक रुपमा लिएको छु।

**कला यात्रालाई कहाँ पुऱ्याएर विश्राम लिने सोच बनाउनुभएको छ ?**

यो यात्रा भनेको अन्त्यहिन यात्रा हो, जति हिँडेपनि पुग्न सकिन्न। त्यसैले आफ्नो कर्मलाई निरन्तरता दिने हो।

---

चलचित्र र रंगमञ्चमा उत्तिकै लोकप्रिय अभिनेता सरोज खनाल तीन दशकको अभिनय यात्रापश्चात् निर्देशक बने। उनको पहिलो निर्देशकीय चलचित्र 'बगान' प्रदर्शनको तेस्रो सातामा प्रवेश गरेको छ।

'मलाई नाट्यकर्मी सुनिल पोखरेलले एउटा पुस्तक दिनुभएको थियो। त्यहाँ संग्रहित कथामध्ये एउटा बगान थियो। त्यो पढेपछि यसलाई ठूलो पर्दामार्फत आम दर्शक र समाजमा यो कथा पुऱ्याउनुपर्छ भन्ने लाग्यो,' अभिनेता खनालले भने, 'यसलाई कथामार्फत नै दर्शकसामु पुऱ्याउनुपर्छ भन्ने लागेर निर्देशन गरें। मलाई छायाँकनकै समयमा कसैले निर्देशकभन्दा नि अप्ठ्यारो हुन्थ्यो। मैले सरोज नै भनेर सम्बोधन गरिदिनुस् भनेर भन्थे।' आफूलाई कथावाचक भन्न रुचाउने खनालले चलचित्रमा वरिष्ठ कलाकारलाई स्थान दिएका छन्। उनीहरू अभिनयमा पोख्त हुनाका साथै चरित्रअनुसार उपयुक्त हुने भएकाले चलचित्रमा अधिकांश पुराना कलाकारलाई स्थान दिएको खनालले बताए।


'छायाँकनका क्रममा कुनै कलाकारलाई पनि अभिनय गरेर बुझाइनँ, भनिनँ। केवल चरित्र र दृश्यलाई सम्झाएँ,' अभिनेता खनालले भने, 'नीर राजा (नीर शाह) लाई मैले अलिकति फरक चाहिएको भनेर भूमिका बुझाएँ। उहाँ आफैंले विभिन्न चरित्र देखाएपछि मैले चाहेको यो हो भने, यसरी हामीले छायाँकन सकेका थियौं।'

सयौं चलचित्रमा अभिनय गरिसकेका अभिनेता खनालले चलचित्रमा 'स्टार'का रुपमा चिनिएका कलाकारभन्दा पनि विषयवस्तु र कथा महत्वपूर्ण हुनुपर्ने बताए। एकल महिलाको कथा, समवेदना र शिक्षाको महत्वलाई चलचित्रमा प्रस्तुत गरिएको उनको भनाइ छ। आफैंसँग धेरै चलचित्रमा सहकार्य गरेकी अभिनेत्री करिश्मा मानन्धरलाई एकल महिलाको भूमिकामा प्रस्तुत गरिएको उनले जानकारी दिए।

चलचित्र 'बगान'मा निर्देशक खनालसँगै करिश्मा मानन्धर, प्रमिला कार्की, आकाश श्रेष्ठ, नीर शाह, वसुन्धरा भुसाल र मिथिला शर्मालगायत कलाकारले अभिनय गरेका छन्। कार्कीले यसै चलचित्रबाट अभिनय शुरू गरेकी हुन्।

'आफ्नो पात्रलाई जीवन्त बनाउनुभएकी कार्कीको उज्वल भविष्य देखेको छु। म आफ्नो कलाकारिताको अनुभवले पनि उहाँलाई मूल्यांकन गर्न सक्छु,' निर्देशक खनालले भने, 'उहाँले पात्रलाई न्याय गर्नुभएको छ। यो कलाकारको सकारात्मक पक्ष हो।'

अभिनेत्री कार्कीले पहिलो चलचित्रमार्फत पाएको प्रतिक्रियाले आगामी दिनमा कलाकारितामा लाग्न सहज हुने विश्वास व्यक्त गरिन्। उनले भनिन्, 'मैले पाएको पात्रलाई बाँच्ने कोशिस गरेकी हुँ। आफूभन्दा अग्रज कलाकारसँग काम गर्दाको फाइदा नै उहाँहरूको अनुभवलाई प्रयोग गर्न सकिन्छ। मैले यसलाई अवसरका रूपमा सदुपयोग गरेकी हुँ।' स्वप्निल नीरवको कथामा तयार भएको चलचित्रमा गौरीशंकर धुजुले छायाँकन निर्देशन, उत्सव दाहाल र नारायण जिसीले छायाँकन, सन्देश शाहले सम्पादन, समीर मियाँले भिएफएक्स तथा रेनिश फागोले रङ संयोजन गरेका छन्। चलचित्रको वितरण रिच इन्टरटेनमेन्ट र डिसिएनले काठमाडौं उपत्यका र मोफसलमा एफडी कम्पनीले गरिरहेको छ।



# मैले कथा भन्ने कोसिस गरेको हुँ: खनाल

---

# गीतकार बैकुण्ठको एकसाथ तीन गीतको भिडियो रिलिज

**काठमाडौं/मस-** चलचित्र 'हिजो आजका कुरा'सहित केही वृत्तचित्र निर्माण गरेका निर्माता एवम् गीतकार बैकुण्ठ प्रसाद उपाध्यायले आफ्नो तीन वटा गीतको भिडियो काठमाडौंमा एकसाथ प्रिमियर गरेका छन्। वरिष्ठ गीतकार राजेन्द्र थापा, चलचित्र निर्माता, निर्देशक तथा हास्य कलाकार सन्तोष पन्त र चलचित्र निर्देशक प्रकाश सायमीले संयुक्तरुपमा उक्त गीतहरुको विमोचन गरेका हुन्।



हेर्ने भन्दा पनि बैकुण्ठका गीतहरु सुन्ने गीत बनेको राजेन्द्र थापाले बताए। राजेशले गीतको शब्द र भावलाई न्याय गर्दै निकै आकर्षक भिडियो बनाएको प्रतिक्रिया पनि थापाले दिए। यस्तै प्रकाश सायमीले नेपाली संगीतमा ढिलै भए पनि आफ्ना गीतबाट बैकुण्ठको उपस्थिति प्रशंसनीय भएको बताए।

अभिनेता यसराज गराच, अभिनेत्री केकी अधिकारी, मिस पबी (पवित्रा खड्का), सन्दीप बाबु लोहनी, सत्या गिरीको मुख्य भूमिका रहेको तीन वटै म्युजिक भिडीयोको निर्माण गीतकार बैकुण्ठले गरेका हुन्।

प्रिमियरमा रिलिज गरिएको तीन वटै भिडियोको निर्देशन राजेश थापाले गरेका हुन्। अस्कर कलेज (कलेज अफ फिल्म स्टडिज)बाट चलचित्र निर्देशनमा ग्राजुएशन गरेका राजेश थापाले यसअघि झण्डै ५ दर्जन म्युजिक भिडियो तथा केही वृत्तचित्रहरु निर्माण गरिसकेका छन्।

बैकुण्ठको रचन, नारायण लामाको संगीत, स्वरुपराज आचार्य र अन्जु पन्तले अगल अलग भर्सनमा गाएको 'छाती किन पोल्छ' र प्रताप दासले गाएको कुमार थापाको संगीत र बैकुण्ठकै रचनाको 'मैले दिएको चोखो माया'सहित तीन वटा भिडियो रिलिज गरिएको हो। तीन वटै गीतहरुको एरेन्ज कुमार थापा, रेकर्ड चन्दु गोर्खाली र मिक्सिङ तथा मास्टरिङ मीन विष्टले गरेका छन्।

स्वरुपराजको स्वर रहेको 'छाती किन पोल्छ' गीतको भिडियोमा यसराज गराच र केकी अधिकारीले अभिनय गरेका छन् भने अन्जु पन्तको स्वरमा रहेको गीतमा मिस पबी र सन्दिप बाबु लोहनीले अभिनय गरेका छन्।

यस्तै 'मैले दिएको चोखो माया'मा यसराज गराच र सत्या गिरीसँगै सन्तोष पन्त, निर्माता बैकुण्ठ उपाध्याय, सफल सार्थक टुहुरे खड्गी, राजन अधिकारी, अनिसा थापाको पनि अभिनय छ।

टोखा नगरपालिकाका विभिन्न रमणीय पर्यटकीय र धार्मिक स्थलहरुमा छायाँकन गरिएको यस म्युजिक भिडीयोको छायाँकन नरेश अयर र सम्पादन तारा थापा किम्भेको रहेको छ। स्वरुपराजको स्वर रहेको म्युजिक भिडियो 'छाती किन पोल्छ' हाइलाइट्स नेपालको युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ। अरु दुई भिडियो चाँडै युट्युब च्यनलमा आउने गीतकार बैकुण्ठले बताएका छन्।

गीतकार बैकुण्ठले यसअघि सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने कान्छा आरोही तेम्बाछिरी शेर्पाको जीवनीमा आधारित वृत्तचित्र 'द योङ्गेस्ट हिरो अफ द हिमालय (२०५८)' र कथानक चलचित्र 'हिजो आजका कुरा (२०७८)'मा सहनिर्माताको रुपमा काम गरिसकेका छन्। विगत लामो समयदेखि सांस्कृतिक अभियन्ताका रुपमा काम गरिरहेका बैकुण्ठको यो तेस्रो प्रस्तुति हो।



## महिला विश्वकप फुटबल
# इटालीलाई हराउँदै स्वीडेन नकआउट चरणमा

**काठमाडौं/एजेन्सी–** फिफा महिला विश्वकप फुटबलमा स्वीडेनले नकआउट चरणमा स्थान पक्का गरेको छ। शनिबार भएको खेलमा इटालीमाथि ५-० गोल अन्तरको फराकिलो जित दर्ता गर्दै स्वीडेनले एक खेल अगावै प्रिक्वाटरफाइनलमा स्थान पक्का गरेको हो।

वेलिङ्टन रिजनल स्टेडियम न्युजिल्यान्डमा भएको खेलमा स्वीडेनलाई जित दिलाउने क्रममा अमेन्डा आइलेस्टेडले दुई तथा फ्रिडोलिना रोल्फो, स्टिना ब्ल्याकस्टेनिअस र रेविका ब्लोमभिस्टले समान एक-एक गोल गरिन्। स्वीडेनले पहिलो हाफमा तीन तथा दोस्रो हाफमा दुई गोल गरेको थियो।

खेलको ३९औं मिनेटमा अमान्डाले गोल गर्दै स्वीडेनलाई अग्रता दिलाइन्। उनी जोना एन्डरसनको पासमा गोल गर्न सफल भएकी हुन्। यस्तै खेलको ४४औं मिनेटमा स्वीडेनले २-० को अग्रता बनाएको थियो। फ्रिडोलिना रोल्फोले गोल गर्दै स्वीडेनको अग्रता दोब्बर पारेकी हुन्। पहिलो हाफको अतिरिक्त पहिलो मिनेटमा एम्मा स्टिनाले गोल गरेपछि स्वीडेन पहिलो हाफमै ३-० गोल अन्तरको अग्रता लिन सफल भयो।

५० औं मिनेटमा अमान्डाले व्यक्तिगत दोस्रो गोल गरेपछि स्वीडेन ४-० ले अघि बढेको थियो। दोस्रो हाफको अतिरिक्त पाँचौं मिनेटमा रेबेका मारियाले गोल थपेपछि स्वीडेन ५-० को जित निकाल्न सफल भयो।

यस जितसँगै नकआउट चरणमा पुगेको स्वीडेनको समूह 'जी'मा दुई खेलबाट ६ अंक पुगेको छ। समान खेलबाटै इटाली ३ अंक जोडेर दोस्रो स्थानमा छ। अर्जेन्टिना र दक्षिण अफ्रिकाको समान १-१ अंक छ।

समूह जीबाट अब ३ मध्ये एक टिमले अन्तिम १६ मा स्थान पक्का गर्ने छ। समूह चरणको अन्तिम खेलमा स्वीडेनले अर्जेन्टिनासँग तथा इटालीले दक्षिण अफ्रिकासँग खेल्नेछ। इटालीलाई नकआउट चरण पुग्न दक्षिण अफ्रिकासँग बराबरी या अर्को खेलमा अर्जेन्टिना रोकिनुपर्ने हुन्छ। यस्तै शनिबार नै भएको अर्को खेलमा फ्रान्सले ब्राजिलमाथि जित हात पारेको छ। फ्रान्सले ब्राजिलमाथि २-१ गोल अन्तरको जित हात पारेको हो। जितसँगै फ्रान्स समूह 'एफ'मा शीर्ष स्थानमा पुगेको छ। ब्राजिल भने ३ अंकका साथ दोस्रो स्थानमा झरेको छ। एक खेल कम खेलेका जमैका र पानामाको समान १ अंक छ।



ब्राजिलको यस पराजयले यो समूहबाट प्रिक्वाटरफाइनलमा पुग्ने सबैको सम्भावना कायमै भएको छ। पहिलो खेलमा फ्रान्सले जमैकासँग गोलरहित बराबरी खेलेको थियो भने ब्राजिलले पनामामाथि ४-० को जित दर्ता गरेको थियो।

अस्ट्रेलियामा भएको खेलमा फ्रान्सले १७ औं मिनेटमा अग्रता लिएको थियो। फ्रान्सका लागि इग्युन लि सोमेरले गोल गर्दै अग्रता दिलाएकी थिइन्। तर ५८औं मिनेटमा ब्राजिलले बराबरी गोल गरेको थियो। ब्राजिलका लागि डिबोरा क्रिष्टियनले बराबरी गोल गरिन्। यस्तै ८३औं मिनेट वेन्डी रेनवार्डले गोल गरेपछि फ्रान्सले २-१ गोलको जित निकाल्न सफल भयो।

# आर्मीको टोली फुटबल खेल्न भारततर्फ




**काठमाडौं/मस–** नेपाली सेनाको त्रिभुवन आर्मी क्लबको टोली फुटबल खेल्न भारत गएको छ। त्रिभुवन आर्मी क्लबको ४२ सदस्सीय टोली भारतको असम राज्यको गुवाहाटीमा आयोजित दुरान्द कप फुटबल प्रतियोगितामा भाग लिन भारत गएको हो।

फुटबलका पूर्वराष्ट्रिय खेलाडी एवम् नेपाली सेनाका अवकाश प्राप्त प्रमुख सेनानी वसन्तराज गुरुङ नेतृत्वको टोली भारतीय वायु सेनाको विमानमार्फत शनिबार त्यसतर्फ प्रस्थान गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। भारतीय सेनाले आयोजना गरेको उक्त प्रतियोगिता यही साउन १७ गतेसम्म चल्ने छ। उक्त प्रतियोगितामा सहभागी हुने टोलीलाई नेपाली सेनाका बलाधिकृत रथी सरोजप्रताप राणाले शुक्रबार बिदाइ गरेका थिए।

प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले भारतका दिल्ली एफसी, चेन्नाई एफसी र हैदरवाद एफसीजस्ता ए वरीयताका फुटबल टोलीसँग प्रतिस्पर्धा गर्नेछ। त्रिभुवन आर्मी क्लब मुलुकको खेलकुद क्षेत्रको च्याम्पियन टोली हो। प्रतिभाशाली खेलाडी पहिचान गरी देशको खेलकुद क्षेत्रको विकासका लागि क्लबले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

प्रतियोगितामा भाग लिने टोलीलाई सेनाले उच्च अनुशासन कायम गरी उत्कृष्ट खेल प्रदर्शन गर्न निर्देशन दिएको छ। प्रतियोगितामा प्राप्त अनुभवबाट आगामी दिनमा सञ्चालन हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारीका लागि मद्दत पुग्नेछ। यस्ता प्रतियोगिताले दुई देशबीचको सम्बन्ध प्रगाढ तुल्याउन तथा दुवै संगठनबीच मित्रता र सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउन योगदान पुग्ने सेनाले विश्वास लिएको छ।

# जुनियर भारोत्तोलन खेलाडी भारत जाँदै

**काठमाडौं/मस–** एसियाली जुनियर भारोत्तोलन च्याम्पियनसिपमा सहभागी हुन २ खेलाडीसहित ४ सदस्यीय नेपाली भारोत्तोलन टोली आइतबार भारतको नयाँ दिल्लीस्थित नोयडा प्रस्थान गर्ने भएको छ।

जुलाई २६ तारिखदेखि शुरु भएको प्रतियोगितामा २ पुरुष खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन्। ७३ केजीमा हेमन्त पाल तथा ९६ केजीमा सञ्जय यादवले प्रतिस्पर्धा गर्ने छन्। हेमन्तले अगष्ट १ तथा सञ्जयले अगष्ट २ तारिखमा खेल्ने छन्। दुवैको यो 'डेब्यु' अन्तर्राष्ट्रिय प्रतियोगिता हो।

प्रशिक्षकमा सञ्जय महर्जन तथा व्यवस्थापकमा रामसुन्दर श्रेष्ठ रहेका छन्। टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठ र सचिव रामजीबहादुर श्रेष्ठ तथा नेपाल भारोत्तोलन संघका अध्यक्ष रामकृष्ण श्रेष्ठ (बोस)ले शुक्रबार एक कार्यक्रमबीच बिदाइ गरे।

## हकदावी गर्न आउने बारे सूचना

यस जुगल वचत तथा ऋण सहकारी संस्था लि. दर्ता नं ६८/०५०/०५१ को कार्यसमिति तथा सदस्य परिर्वतन गर्न लागिएकोले २०५०/०६/२७ देखि २०८०/०३/३१ गतेसम्म यस संस्थासँग आर्थिक कारोवार बॉकी रहेको भए सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा हकदावीका लागि आउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**जुगल वचत तथा ऋण सहकारी संस्था लि**
**मेलम्ची-११, सिन्धुपाल्चोक**
**सम्पर्क: ९८१८५५५०७४, ९८४३६५५५०२**

## श्री साहासी सामुदायिक वन उपभोक्ता समूह उदयपुरगढी २ उदयपुरको समूह बाहिर काठ बिक्री सम्बन्धी सूचना

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७९/०८० को विधिवत रुपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको लट नम्बर १ को साल गोलिया थान ६१ को ८७८.६५ क्युफिट बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समूह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ।

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय करैयामाई, बाराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/१४ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय करैयामाईं, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

**तपसिल**

**१. ऋणीको विवरण:**
१. सर्वजित प्रसाद ठाकुरको बुहारी, श्याम सुन्दर ठाकुरको पत्नी, रामपूत ठाकुरको छोरी, बारा जिल्ला, नरही गा.पा. वडा नं ०४, स्थायी ठेगाना भई हाल बारा जिल्ला, करैयामाई गा.पा. वडा नं ०८ बस्ने **अनिता ठाकुर** (ना.प्र.प.नं ३१००, जारी मिति २०६०/०७/२६, जिल्ला प्रशासन कार्यालय, बारा)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**
१. कारी ठाकुर हजामको नाती, महजर ठाकुर हजामको छोरा, बारा जिल्ला, नरही गा.पा. वडा नं ०४, स्थायी ठेगाना भई हाल बारा जिल्ला, करैयामाई गा.पा. वडा नं ०८ बस्ने **सर्वजित प्रसाद ठाकुर** (ना.प्र.प.नं ३३–०१–७१–०५४७३, जारी मिति २०७१/०९/२३, जिल्ला प्रशासन कार्यालय, बारा)।
२. महजर ठाकुर हजामको नाती, सर्वजित प्रसाद ठाकुरको छोरा, बारा जिल्ला, नरही गा.पा. वडा नं ०४, स्थायी ठेगाना भई हाल बारा जिल्ला, करैयामाई गा.पा. वडा नं ०८ बस्ने **राम सुन्दर ठाकुर** (ना.प्र.प.नं ३३१०२८/१४५२७, जारी मिति २०६६/०४/०५, जिल्ला प्रशासन कार्यालय, बारा)।

**धितो सुरक्षणको विवरण:**
१. **सर्वजित प्रसाद ठाकुर**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, नरही गा.पा.वडा नं ०३, स्थित कि.नं. २४४ को क्षेत्रफल ०-१-३-० (विगाहा)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **अनिता ठाकुर**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, नरही गा.पा.वडा नं ०३, स्थित कि.न ३४८ को क्षेत्रफल ०-२-८-० (विगाहा)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय करैयामाइ, बारा मोबाईल नं. ९८४५७८९७७०**

## अत्यन्त जरुरी सूचना

यस **अराउण्ड द वर्ल्ड सर्भिसेज प्रा. लि. इजाजत पत्र नं. १०३/०५४/०५५** को नाम प्रयोग गरि **मन्जु राई (Mona Bantawa Rai)** भनिने व्यक्तिले बिभिन्न मोबाईल नम्बरहरुको माध्यमले यस प्रा.लि. को भिजिटिङ कार्ड दुरुपयोग गरि युरोपको बिभिन्न देशको भिषा लगाइदिन्छु भनि विभिन्न व्यक्तिहरु बाट पासपोर्ट तथा पैसा संकलन गरिरहेको भन्ने गुनासो प्राप्त भएकोमा यस प्रा. लि. को गम्भीर ध्यानाकर्षण भएको छ। तसर्थ यसरी यस संस्थाको भिजिटिङ कार्ड दुरुपयोग गरी अनाधिकृत रुपमा गैर व्यक्तिले सोझा साझा जनतालाई ठगि खाने नियत राखि विभन्न व्यक्तिहरुबाट पासपोर्ट तथा पैसा संकलन गरेको हुन सक्ने भएकोले उक्त व्यक्ति यस संस्था संग सम्बन्धित नरहेकोले जो कसैले पनि बैदेशिक रोजगारी सम्बन्धि कारोवार नगर्न/नगराउनुहुन सबैमा सुचित गराउदछौ। यदि कसैले गरेको भए यस प्रा. लि. जवाफदेही नहुने सम्बन्धित सबैमा जानकारी गराउदछौ।

**अराउण्ड द वर्ल्ड सर्भिसेज् प्रा. लि.**
श्रम ईजाजत नं.: १०३/०५४/०५५
कुलेश्वर, काठमाडौं फोनः ०१-५३७२०८०, ५३०१३५९
Email : awsnepal@gmail.com

## कतारमा रोजगार | कम्पनी : ARSALAN NIYAZ TRADING

शहर: Qatar,Doha

पूर्व स्वीकृत मितिः २०८०/०४/११ चलानी नं.: ६०२०५३०५ LT. No.:289977

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४६८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 8 | 0 | | 2500 | ९०१०० | | | | | | | |
| 3. | Representative | 1 | 0 | | 2200 | ७९२८८ | | | | | | | |
| 4. | Salesman | 18 | 0 | | 1300 | ४६८५२ | | | | | | | |
| 5. | Supervisior | 13 | 0 | | 2500 | ९०१०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २१ गते (6 August 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**फ्रेण्डसिप ईन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.**
श्रम इजाजत पत्र नं. ५२४/०६१/०६२
सामाखुसी, काठमाडौं, नेपाल फोन: ०१ ४५८३३५९
मो: ९८६१८९८१५९, ९८२८९१४९०२ । Email: friendshipinternational579@gmail.com



# ‘सरकार नै मिडिया सिध्याउने हिसाबले लागेको हो कि भन्ने आभास भएको छ’

**सोमप्रसाद घिताल**, अध्यक्ष, नेपाल विज्ञापन संघ (आन)

सरकारले विद्युतीय खरिद प्रणाली निर्देशिका, २०८० कार्यान्वयनमा ल्याएको छ । निर्देशिकाले सरकारी कोषको प्रयोग गरी खरिद गर्ने संस्था पूर्ण रुपमा विद्युतीय प्रणाली अवलम्बन गरी खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । सो निर्देशिकालाई पूर्ण रुपमा कार्यान्वयन गर्दा झण्डै तीन अर्ब बराबरको विज्ञापन बजार प्रभावित हुनुका साथै छापा सञ्चार माध्यमलाई ठूलो असर पर्ने देखिएको छ । साथै सञ्चार माध्यमहरुको छाता संगठन तथा विज्ञापन व्यवसायीहरुको छाता संगठनले नेपालको हालको अवस्था पूर्ण रुपमा डिजिटलमा जान परिपक्क नभइसकेको र यसो गर्दा अपारदर्शी अवस्था समेत सिर्जना हुने जनाएको छ । प्रस्तुत छ, सोही विषयमा आधारित रहेर नेपाल विज्ञापन संघका अध्यक्ष **सोमप्रसाद घिताल**सँग मध्यान्ह दैनिकका लागि **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :

**नेपाल विज्ञापन संघले विद्युतीय खरिद प्रणाली निर्देशिका, २०८० प्रति विज्ञप्तिमार्फत असहमति जनाएको थियो । असहमति राख्ने प्रक्रियालाई कसरी अगाडि बढाउनुभएको छ ?**

हामीले विज्ञप्ति जारी गरेर सरकारको ध्यानाकर्षण गराएका छौं । हामीले हाम्रो विषय पुऱ्याउने प्रक्रिया अगाडि बढाउन लबिङ पनि गर्दैछौं । सम्बन्धित ठाउँमा हाम्रो विषय पुऱ्याएका पनि छौं । भेटघाट गर्दै पनि जान्छौं ।

सरकारको कदम करेक्सन गर्ने हिसाबले नै जानपर्छ । यसैपनि विज्ञापन बजार साँघुरिएर मिडिया बाँच्न नसक्ने अवस्था सिर्जना भइरहेको बेलामा सरकारले नै यस्तो नीति ल्याइदिएपछि सरकार नै मिडिया सिध्याउने हिसाबले लाग्या हो भनेर हामी लागेका छौं ।

**सरकारले टेण्डर तथा खरिद पक्रियामा पत्रिकामा छाप्ने विज्ञापन घट्न पुग्यो भने त्यसले पत्रिकाहरुलाई कतिको असर गर्छ होला ?**

अहिले पत्रिकामा नछाप्ने संकेत गरिएको विज्ञापन मेरो विचारमा दुई देखि तीन अरबको होला । यसले सोही बराबरको विज्ञापन बजारलाई असर गर्छ ।

**के सरकारको यो निर्णयले पत्रिकाहरु बन्द नै हुने अवस्थामा पुग्लान र ?**

अहिलेको अवस्थाले त्यसैपनि गाह्रो भइरहेको छ । विज्ञापन बजार चारैतिर खुम्चिएको छ । रक्सिको विज्ञापन मिडियामा जान बन्द गरिएको छ । सरकारले कहिँ न कहिँ मिडियाले सरकारलाई समर्थन गरेनन् भनेर सोचेको होकी भन्ने हामीलाई आभास भएको छ ।

**तपाईंहरुले संयुक्तरुपमा विज्ञप्ति जारी गरेर सरकारलाई चेतावनी पनि दिनुभयो । आफ्ना विषयहरु सरकारलाई सुनाउने प्रयत्न पनि गरिरहनु भएको छ । तर के सुनुवाइ होला त ? के अनुमान गर्नुभएको छ ?**

नसुनेर सुखै छैन । हामी एजेन्सीहरु त लाग्छौं नै । तर, मिडियाहरु नै राम्रोसँग यसको प्रतिवादमा लाग्नुपर्ने आवश्यकता देखिएको छ । मिडिया राम्रोसँग लागे भने हाम्रो माग नसुनेर नै हुँदैन । अनि सरकारी निकायलाई यसले नोक्सान हुने काम पनि गर्दैन । यो जे भइरहेको छ त्यही सामान्य सिस्टममा जाने त हो नी ।

**सरकारी विज्ञापनमा पारदर्शीताको प्रश्न पनि उठेको छ । विज्ञापन बजारलाई व्यवस्थित र पारदर्शी बनाउनु पर्छ भन्ने विषयमा तपाईंहरुको भूमिका पनि नपुगेको हो ?**

विज्ञापन बजारलाई पारदर्शी बनाउने विषयमा हामी एकदमै कटिबद्ध भएर लागेका छौं । कमिकमजोरीको हिसाबले हेर्दा कहिँ न कहिँ एजेन्सी, मिडिया र सरकार सबैको छ । भएको कमिकमजोरी सच्याउने विषयमा विज्ञापन संघ कटिबद्ध छ तर, यसमा मिडियाले पनि साथ दिन जरुरी छ ।

**डिजिटल सूचना प्रविधिको विकाससँगै सरकारले आफ्ना विज्ञापनहरुलाई आफ्ना वेबसाइटमार्फत राख्ने विषय सान्दर्भिक हो भनेर पनि तर्क गर्ने गरेको पाइन्छ, के विज्ञापनको मोडेलमा सोच्नुपर्ने समय पनि आएको हो ?**

डिजिटल भनेर सबै डिजिटल हुन सम्भव छैन । डिजिटल विषय अहिले फेसनको रुपमा पनि आएको छ । डिजिटलले सबै समस्या समाधान गर्दैन । विज्ञापनको अचुक माध्यम डिजिटल होइन । हामीले डिजिटललाई कहिँ न कहिँ अंगिकार चाहिँ गर्नपर्छ तर, अहिले नै डिजिटल भनेर मिडिया अगाडि बढ्ने बेला भने भएको छैन । डिजिटल प्रकृया सस्तो र प्रभावकारी हो तर, स्थायी भने होइन ।

**तपाईंहरुले सरकारी वेबसाइटबाट मात्रै विज्ञापन गर्दा कर्मचारी र ठेकेदारबीचमा सेटिङ हुनसक्ने विषयलाई पनि विज्ञप्तिमा उठाउनु भएको छ । त्यस्तो सम्भव हुन सक्छ ?**

हामी कति डिजिटल युगमा प्रवेश गरेका छौं भन्ने कुरा हामी सबैलाई थाहा छ । हामी धेरै पोख्त त भैसकेका छैनौं नी । दार्चुलाको मान्छेलाई पिपिएमओ वेबसाइटको बारेमा कसरी थाहा हुन्छ ? मेरो गाउँको पुलको ठेक्का कसले बनाउँदैछ, कति दिनमा बन्छ, कतिमा ठेक्का लागेको हो जस्ता विषय के उसले अहिलेको बेलामा सूचनाको हक प्राप्त गर्न सक्छ ? भोलि सबै साक्षर र सक्षम भएर जाँदा हुनसक्ला ।

त्यसैले यो पारदर्शी हुँदैन । ठेकेदारसँग मिलेमतो गरेर कहिँ न कहिँ तालमेल गर्ने हिसाबले सरकारको सम्बन्धित निकायले यसमा कहिँ न कहिँ भूमिका खेल्ने काम गरेको छ भन्ने हामीलाई लागेको छ ।

# टुथपिकदेखि सियोसम्मको आयातमा बाहिरिन्छ अर्बौं रकम

**काठमाडौं/मस** - अर्थतन्त्रको मुख्य क्षेत्रमा उत्पादन पर्छ । कुनै पनि मुलुकको अर्थतन्त्र उत्पादन बिना सुदृढ हुने अवस्था रहँदैन । अझ निरन्तर ठूलो व्यापार घाटा बेहोरिरहेको रहेको हाम्रोजस्तो मुलुकले उत्पादनमूलक अर्थव्यवस्थामा जोड दिनु अतिआवश्यक हुन्छ । तर हेर्दा सामान्य लाग्ने वस्तुसमेत आयात गरेर उपभोग गर्नुपर्ने अवस्थाले मुलुकको उत्पादन क्षमता र स्तर एकदमै कमजोर रहेको पुष्टि भइरहेको छ । भन्सार विभागले पछिल्लो समय सार्वजनिक गरेको आयात निर्यातको विवरणअनुसार मुलुकमा सामान्य प्रविधि र कच्चा पदार्थ प्रयोगमा उत्पादन हुने वस्तुसमेत ठूलो मात्रामा आयात भएको देखिन्छ । पछिल्लो समय विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार गत आर्थिक वर्षमा एक करोडभन्दा बढी मूल्यको दाँत कोट्याउने सिन्को (टुथपिक) आयात भएको देखिन्छ । विभागका अनुसार गत आवमा एक करोड १३ लाख ३७ हजार मूल्य बराबरको दाँत कोट्याउने सिन्को आयात भएको छ । बाँस र काठबाट बनेको यस्तो सिन्का मुख्यतया चीनबाट भित्रिने गरेको । त्यस्तै करिब एक करोड बराबरको कपडा झुण्ड्याउने ह्याङ्गर आयात भएको छ । विभागका अनुसार गत आवमा दुई करोड पाँच लाख ४९ हजार मूल्य बराबरको ह्याङ्गर निर्यात पनि भएको छ ।

**दुई करोडको सियो र सेफ्टी पिन आयात**

विभागका अनुसार गत आवमा लुगा सिउने सियो र सेफ्टी पिनको आयातमा दुई करोडभन्दा बढी रकम बाहिरिएको छ । गत आवमा एक करोड ७३ लाख ९१ हजारको सेफ्टी पिन र ६३ लाख १० हजार मूल्य बराबरको सियो आयात भएको छ । जसबाट सरकारले ६७ लाख ४९ हजार बराबरको राजस्व संकलन गरेको छ ।

**एक अर्बभन्दा बढीको नटबोल्ट र स्क्रु आयात**

विभिन्न यन्त्र उपकरण तथा सवारी साधानमा प्रयोग हुने नटबोल्ट र पेचकिलाजन्य वस्तु आयातमा समेत अर्बौं रकम मुलुकबाट बाहिरिरहेको छ । सार्वजनिक विवरणअनुसार गत आवमा एक अर्बभन्दा बढी मूल्यको फलाम तथा स्टिलका नटबोल्ट आयात भएका छन् । एक वर्षमा एक अर्ब २६ करोड ५४ लाखभन्दा बढी मूल्य बराबरका पेचकिला (स्क्रु) तथा बोल्ट र १४ करोड ९४ लाख ३५ हजार मूल्य बराबरको नट आयात भएको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी:** DULSCO LLC **शहर:** DUBAI

पूर्व स्वीकृत मितिः २०७९/१२/१५ चलानी नं.:६०१९९०३० LT. No.: 283621 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper/porter | 125 | 0 | स. काममा दक्ष | 975 | ३४,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मितिः२०८०/०३/१८ चलानी नं.:६०२०४२१२ LT. No.:288910 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packeger/Porter | 150 | 0 | स. काममा दक्ष | 900 | ३२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता २०८० साउन १४ (आज), १६, १७ र १९ गते (30 July, 1, 2 & 4 August 2023) मा हुनेछ ।**

**नोट:**
- प्याकेजिङ, लेबलिङ, डेटाइन्ट्री, लोडिङ, अनलोडिङ लगायतको काम गर्नुपर्नेछ ।
- व्यक्तिको योग्यता र क्षमताको आधारमा थप तलब अन्तर्वातामा तय गरिनेछ ।
- उमेर २१ वर्ष देखि ३८ वर्षसम्म ननाघेको हुनु पर्नेछ ।
- एप्रुभल रेडि भएकाले १० दिन भित्र उडिसक्नु पर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

## अञ्जली ओभरसिज सर्भिस प्रा. लि.

श्रम इजाजत नं. ६३९/०६३/०६४

सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175503 | 9801051244 | 9801175502



## अग्नीसाईर कृष्णासवरन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सितापुर, सप्तरी
मधेश प्रदेश, नेपाल

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।



थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टे फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

## डेंगीबाट बच्ने उपायहरु

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।





आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।



दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।



बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।





पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**